साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक २७ २०८२ माघ २० गते मंगलबार (Feb. 3, 2026) मूल्य रू. १०/-

## पार्टीका आ–आफ्नै अर्धशैन्य संरचना




एमालेको नेशनल भोलेन्टियर फोर्स पछि नेकपा प्रचण्डले वाईसीएलको अर्धशैन्य संरचना ब्यूँताएका छन् । जेनजी आन्दोलनपछि जनतामा जान नसकेका दलहरू आआफ्नै सैनिक दस्ता सुरक्षा कबच बनाएर चुनावमा निस्कने तैयारीमा जुटेका छन् ।

जनयुद्ध र त्यसपछिको लामो समय वाइसिएलले समाजलाई भयभित बनाएको थियो । फागुन २१ को चुनाव जित्नकै लागि नेकपाले 'देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा मतदाता तथा उम्मेद्वारको सुरक्षा गर्न स्पेशल टास्क फोर्स' खडा गर्न मरिसकेको अर्धशैन्य संरचनालाई जिवन्तता पारेको हो । एक वुथ सय युथ सबै वुथ केन्द्रमा खटाइने, सामाजिक संजालको अधिकतम प्रयोग गर्ने, यूवा सम्बन्धित क्षेत्रमा नै खटाउने तयारी रहेको वाइसिएलले जनाएको छ ।



## किन बालेन बालेन भनिरहेका छौं ?

बालेन राजनीति गरेर नेता भएका होइनन् । बालेनलाई हामीले नेता बनाएका हौं । हामीले बालेनलाई नेता किन बनायौं भन्ने बुझ्न खोज्यौं भने केही पहेली खुल्न सक्छ ।

बालेन त इन्जिनियर थिए, र्‍याप गीत गाउँथे । गीत त अहिले पनि 'चमेली' भन्दै गाइरहेका छन्, तर त्यो उनको राजनीतिक उद्देश्यका लागि हो । अरूसँग पार्टी थिए, उनीसँग थिएन । त्यसैले गीतबाट उनले संगठन गरे । अहिले बल्ल उनी पार्टी प्रवेश गरेका छन् । पार्टी प्रवेशपछि उनको गीत आएको छैन !

पार्टी प्रवेश पनि अरूको जस्तो उनको होइन। अरूले साधारण सदस्यता, क्रियाशील सदस्यता के के लिन्छन् । किन लिन्छन्– लिनेले जानून् । मैले कहिल्यै नलिएको भएर कुरा थाहा भएन । बालेनले त सोझै प्रधानमन्त्री पद दिलाउने सर्तमा पार्टी सदस्यता स्वीकार गरे । (नारायण वाग्लेको विश्लेषण हो यो ।)

## चुनाव अघि नै चुनाव हार्ने बाबुराम



गत निर्वाचनमा आफूले जितेको गोरखा २ क्षेत्र माओवादी अध्यक्ष प्रचण्डलाई छाडेका डा.बाबुराम भट्टराईले फागुन २१ को चुनावमा उमेदवारी दिए । रास्वपाका नेताहरूसँग गुप्तगु गरेपछि र रास्वपाले अभिभावक बन्न सुझाव दिएपछि एकाएक डा.बाबुराम भट्टराईले उमेदवारी फिर्ता लिए, चुनाव नलड्ने र संसद बाहिर रहेर नै सघाउने उद्घोष गरिदिए । यो घटनापछि राजनीतिक विश्लेषकहरूको विश्लेषण छ- रास्वपाको बहुमत आउने र त्यसपछि रास्वपाले डा.बाबुराम भट्टराईलाई राष्ट्रपति बनाउने बचन दिएको छ ।

आलोचकहरूले त यतिसम्म भने कि उनले दिल्लीको सुझाव मानेका हुन् । अस्थिरताले डा.बाबुरामको राजनीति पनि किनारा लाग्यो । पढाइमा तेज बाबुरामले जनयुद्ध त गरे, खुला राजनीति गर्नै जानेनन् ।

## ८ हजार ९ सय कोरिया जान नपाउने

सरकारको निस्कृयताका कारण ईपीएस भाषा परीक्षा पास गरेको २ वर्ष नाघेकाले भाषा पास गरेका युवा कोरिया जानबाट बन्चित भएका छन् । दक्षिण कोरियाले नेपालका लागि मात्र १७ देशमा लगाएको रोष्टरको म्याद थप नगर्ने नियम बदल्न नसक्ने जनाउ दिएको छ । सरकार भन्छ- कोरिया गएर छलफल गर्ने तैयारी भइरहेको छ । यो विषयलाई बुझकीहरू भन्छन्- दिनभरि याँलीब्याँली, रात परेपछि बिस्कुन सुकाइ । गत शुक्रबार रोजगारदाता तथा नेपाल सरकार, नेपाली दूतावासबीच भएको बैठकमा यस्तो खुलासा भएको हो ।

२०२५ मै भाषा पास गरेका ८ हजार ९ सय यतिबेला आन्दोलनमा छन् ।




आन्दोलनकारीले एचआरडी कोरियाका कर्मचारीहरूको तस्वीर प्रदर्शन गरेपछि कोरियालीपक्ष भयभित छ । कोरियाले म्यानुफ्याक्चरिङ (उद्योग), एग्रिकल्चर (कृषि), फिसरिज (मत्स्यपालन), कन्स्ट्रक्सन (निर्माण) क्षेत्रमा १ लाख ३० हजार कोरियाली रोजगारीमा गइसकेका छन् । दक्षिण कोरिया नेपाली युवाहरूका लागि अति आकर्षक गन्तव्य मानिन्छ ।

## बिनोद चौधरीको पुस्तक बनारसबाट




चौधरी ग्रुपका अध्यक्ष तथा अर्बपति उद्यमी विनोद चौधरीको नयाँ पुस्तक ***'मेड इन नेपाल'*** भारतको बनारसमा बलिउडका चर्चित अभिनेता अनुपम खेरद्वारा लोकार्पण गरियो ।

**'बनारस लिट्रेचर फेस्टिभल'** को अवसर पारेर यो पुस्तक विमोचन हुनु राम्रो हो । यो पुस्तक विनोद चौधरीको प्रेरणादायी जीवनकथामा आधारित भएकाले नेपालमै विमोचन गरिएको भए नेपाली युवाहरूले धेरै कुरा सिक्न र प्रेरणा लिनसक्ने थिए ।

बिनोद चौधरी ***आफूलाई चिनाएको देश र निर्वाचन क्षेत्र सम्पन्न भएको हेर्ने मेरो सपना छ*** भन्दै नवलपरासी १ बाट फागुन २१ मा हुने निर्वाचनमा नेपाली कांग्रेसका उमेदवार भएका छन् । चौधरी ग्रुपमा आफ्नो दशकौंको नेतृत्व तथा व्यवसायिक अनुभवलाई राष्ट्रिय विकासमा रूपान्तरण गर्ने दृष्टिकोणसहित चुनाव जितेका र पुनः जित्ने अभियानमा छन् । आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, औद्योगिक वृद्धि तथा देशव्यापी दिगो विकासलाई तीव्रता दिने कुरा गर्ने चोधरीको यो पुस्तकले जेनजी आन्दोलनपछि युवाहरूलाई उत्साहित पार्न सक्ने धेरैको निष्कर्ष रहेको छ । जनताकै बीचमा योजना बनाएर विकासको संकल्प पूरा गर्ने बताउने चौधरीले यो पुस्तक २०१५ सालमा वीपीले झैं नेपाली किसानको हातबाट सार्वजनिक गरेको भए निकै अर्थपूर्ण हुनेथियो । चौधरीकै शब्दमा 'यो मेड इन नेपाल पुस्तक नेपालमा जन्मिएको सपना पनि विश्वमञ्चमा उभिन सक्छ भन्ने प्रेरणादायी जीवनकथामा आधारित छ ।'

# नयाँका सामुन्ने पुराना बिबश

पार्टीहरू चुनावी मैदानमा उत्रिसकेका छन् । निर्वाचन आयोगले फागुन २१ मा निर्वाचन सम्पन्न गर्न मतपत्र छाप्ने, निर्वाचन कार्यालय स्थापित गरेर निर्वाचन अधिकृत तोक्नेसम्मका सबै प्रकारका तैयारी पूरा गरिसकेको छ भने सरकारले पुख्ता सुरक्षा प्रवन्ध मिलाइसकेको छ । तथापि निर्वाचनको वातावरण र सुरक्षा व्यवस्था ठिक भइसकेको छैन भन्ने एमालेका अध्यक्ष केपी ओलीले बताएका छन् भने उनले सर्वोच्च अदालतलाई पनि संसद पुनर्स्थापना हुने कि नहुने बेलैमा निर्णय दिनुपर्छ भनेर दबाब दिएका छन् । एमाले र कांग्रेसका कानुनविद र चुनावमा टिकट नपाएका केही नेताहरूले अदालतले बेलैमा निर्णय नदिएर प्रधानन्यायाधीश टाढा टाढा भएको विषयमा आपत्ति जनाएका छन् ।

अझै पनि चुनाव हुन्न कि भन्ने संशय बाँकी नै छ । यूट्यूवे विश्लेषकहरूले फागुनको पहिलो हप्ता कुनै न कुनै बहानामा चुनाव रोकिने हल्लाखल्ला मच्चाइरहेकै देखिन्छ । सबै पार्टी चुनावमा होमिइसक्दा पनि चुनाव कि संसद पुनर्स्थापना ? भन्ने प्रश्नको उत्तर अदालतबाट नआएकाले पनि यस्तो संशय बढेको हो । यो संशयले चुनावको आवरणमा मुलुक रणभूमि बन्ने त होइन ? भन्ने यक्ष प्रश्न उठाएको अवस्था छ ।

२०६३ सालको परिवर्तनपछि नयाँ नेपाल बनाउँछु भन्ने पार्टीका खलनायकहरूले राजतन्त्रात्मक मुलुकलाई भ्रष्टाचारको पोखरी, राजनीतिको अपराधिकरण, नेपोटिजमको बिगबिगी बनाइदिए । यसैका कारण आजको दिन देख्नुपर्ने परिणति आएको हो । आफ्नो सत्ता र शक्तिको आशक्तिको स्वार्थ पूरा गर्न पार्टीहरूले बाह्य शक्तिलाई चलखेल गर्न दिएकै हुन् । १२ बुँदे र आइएनजीओको अदालतदेखि संसद, सरकारसम्मको बढ्दो प्रभाव यसैको परिणाम थियो । त्यसपछि जेनजी पुस्ताले हस्तक्षेप गरेका हुन् । अब त चेत फर्क्यो कि भनेको समस्या जहींको तहीं देखिनाले निकास दिने सम्भावना न्यून हुँदैछ ।

फागुन २१ को चुनाव समस्याको समाधान बनेर आउने सम्भावना छैन । जसरी २०६५ सालमा राजतन्त्र फालियो, त्यसपछि संघीयता र धर्मनिरपेक्षता अँगालियो, राष्ट्रिय द्वन्द्व घटेन र गत भदौ २३, २४ को जेनजी सुनामी आएको थियो । यसपछि संविधान मासेर बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ को चुनावी घोषणा गरेको हो । तर यो सरकार र चुनाव पनि एक चालको रूपमा अगाडि सारिएको छ । राजनीतिक शक्तिहरूका वीच संवाद, सहमति र सहकार्य हुनसकेको छैन, हुनेवाला पनि छैन ।

चुनाव घोषणापछि रास्वपाले देशैभरि ठूला सबै पार्टीलाई चुनौती खडा गरिदिएको छ । आमनागरिकले परिवर्तन चाहेको भनेर रास्वपाका भावी प्रधानमन्त्री भनेर तोकिएका बालेन साहलाई समर्थनको लहर नै देखाइदिएका छन् । बेलायतदेखि अमेरिकासम्मका सञ्चार माध्यमले बालेन साह नेपालको भावी प्रधानमन्त्री बन्नसक्ने अनुमान गरेका छन् । यसपछि त सडकदेखि सरकारसम्म रास्वपामय भइसकेको अवस्था छ । कार्की नेतृत्वको सरकारका केही मन्त्री रास्वपाको पहिरचनमा चुनावमा होमिन पुगेका छन् भने प्रधानमन्त्री नै मुलुक घण्टीमय भइसकेको भन्न थालेको सुनिन्छ ।

पूर्व प्रधानन्यायाधीशको नेतृत्वको सरकार, कुनै पनि कोणबाट सफल देखिन्नन् । यद्यपि चुनावको बिकल्प देखिदैन । चुनाव हुनैपर्छ । चुनाव स्वच्छ र स्वस्थ प्रतिस्र्धामय हुन्छ कि हुन्न, यो कुरा गहन छ र भन्न थालिएको छ- चुनावका कारणले हिंसा बढ्ने र मुलुक रणभूमि बन्ने त होइन ?

कांग्रेस, एमाले, नेकपा (माओवादी) चुनावमा सहभागी भएका छन् । यी तनी ठूला पार्टी जेनजी पुस्ताको परिवर्तनको माग र रास्वपाको जनलहरबाट त्रसित देखिन्छन् । कसरी रास्वपाका नेताहरूको झाँको झार्ने, यसको उपायको खोजी गर्दैछन् । प्रत्यक्ष चुनावी बहसका प्रस्तावहरू पनि अघि सारेका छन् । कार्की सरकारले चुनावका नाममा बिकृति बढाएको र चुनावी वातावरण र सुरक्षा प्रवन्ध गर्न नसकेको भनिरहेका छन् । हुन पनि ३७ वर्षमा ३० प्रधानमन्त्रीत्व यिनैले चलाए, २०६३ को परिवर्तनपछि यिनैको हालीमुहाली चल्यो । यिनले एउटा पनि राम्रो काम गर्न नसकेकाले जनता स्थापित ठूला पार्टीहरूप्रति सकारात्मक छैनन् । यसकारण चुनाव रोक्नका लागि पुराना नेता र पार्टीहरू अनेक बहानामा न्वारानदेखिको बल लगाइरहेका छन् ।

पुराना र ठूला पार्टीले चाहेमा सहमति, सहकार्य, संवाद, स्वच्छ चुनाव र सुरक्षाको विश्वासयोग्य वातावरण बन्न कत्ति बेर पनि लाग्नेछैन । आफूले नजित्ने भएपछि खासगरी एमाले र नेकपाका अध्यक्षद्वय सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरिदिए हुन्थ्यो भन्ने आशा राखेर सडकमा चुनाव हुनुपर्छ भन्दैछन् ।

जेनजी आन्दोलनपछि बनेको सरकारले चुनाव नभाँडियोस् भनेर भ्रष्टाचारमा मुछिएका कुनै नेतामाथि कारवाही गरेको छैन । सुशासन आउनुपर्ने हो, भ्रष्टाचार घटेको पनि छैन । राज्यदोहन र राज्यसम्पत्तिको दुरूपयोग बढिरहेकै छ । ग्रेलिष्टमा परेको देशको अवस्था बिगार्नतिर नै सरकारको ध्यान छ ।

सरकार भन्छ- चुनाव हुन्छ । स्वच्छ र स्वतन्त्र, विश्वासयोग्य चुनाव हुन्छ भन्दाभन्दै एकदोस्रालाई खुइल्याउने प्रवृत्ति बेपत्ताले हावी भएको छ । चुनाव जित्नकै लागि एमालेले नेशनल भोलियन्टर फोर्स र नेकपा (माओवादी)ले वाइसिएल फोर्स ब्यूँताएका छन् । कांग्रेसले नेविसंघलाई सकृय पारेका छन् । जेनजी आन्दोलनका बेला भागेका अपराधी, लुटिएका हतियार सुरक्षाका लागि चुनौती यथावत छ । जेनजी आन्दोलनमा ७६ जना मार्ने तत्कालीन प्रम केपी ओली र गृहमन्त्री रमेश लेखकले नैतिकता देखाउन सकेका छैनन्, तीभन्दा ठूला अपराधीमाथि पनि तत्काल छानबिन हुने देखिदैन ।

समष्टीमा चुनावी वातावरण भाँड्न र असुरक्षा फैलाउन रास्वपका अध्यक्ष, बरिष्ठ नेता रवि लामिछाने र वालेन साह नै जिम्मेवार छन् भनेर ठूला दलहरू स्वरमा स्वर मिलाएर चिच्याएको सुनिन्छ । यो हारको भयमात्र हो भन्ने बुझाइ आम छ । यसकारण फागुन २१ को चुनाव महाभारतको युद्धजस्तो हुने त होइन ?

## चुनावअघि फैसला हुन्न




*संसद पुनर्स्थापना : फागुन २१ अघि सुनवाई हुनसमेत मुस्किल मुस्किल स्थिति देखियो ।*

*एमालेका केपी ओली र कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले निकै महत्व दिएको बिघटित संसद पुनर्स्थापना र अन्तरिम सरकारको बैधताका विषयको मुद्दा एकमहिना, फागुन २१ को चुनावअघि सुनवाईसमेत हुन नसक्ने भएको छ । यो मुद्दाको साधारण तारिक आजै छ, सबै अंग पुगेको भए पेशीमा चढ्ने छ, अंग नपुगेको भए साधारण तारेखमै जानेछ । गतहप्तामात्र एमाले अध्यक्ष केपी ओली, नेता प्रदीप ज्ञवालीले छिटो निर्णय गर्नुपर्ने दबाब दिएका थिए भने कांग्रेसका देउवापक्षका नेताहरूले प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतलाई भेटेरै दबाब दिन खोज्दा समय नदिएपछि सर्वोच्चका न्यायाधीशहरूले सबै पार्टी निर्वाचनमुखी भइसकेकाले न्यायिक सकृयता नतिजामुखी नहुने निष्कर्ष निकालेको चर्चामा आएको छ ।*

*स्मरणीय छ, हरेक हप्ता बुधवार र शुक्रवारमात्र संवैधानिक इजलास बस्ने प्रचलन छ । यसमा प्राथमिकता नयाँ निवदेनले पाउनेछ । जतिसुकै छिटो पेशी तोकिए पनि ३ हप्त ालाग्नेछ । २८ गते पेशी तोकिन नसक्ने, ६ गते ल्होसार, १३ गतेमात्र संवैधानिक इजलास बस्नसक्ने देखिन्छ । २१ गतेअघि सुनवाई सुरू होला, तर फागुन २१ अघि कुनै निर्णय आउने छेकछन्द अहिलेलाई कतै देखिन्न । यस सम्बन्धमा सर्वोच्च बार अध्यक्षले पनि संसद बिघटनको मुद्दा सुनवाई हुने सम्भावना न्यून देखेका छन् । देशै निर्वाचनमय भइसकेको छ, संसद विघटनको मुद्दा छायाँमा परिसकेको विश्लेषण भइरहेको छ ।*

## माधव थन्किदै




जग्गा सट्टापट्टा, हदबन्दी छुट, कर्मचारी फसाएको, पद र शक्तिको दुरूपयोग गरेको, पतञ्जलीलाई जग्गा दिंदा भ्रष्टाचार गरेको, बालुवाटार जग्गा घोटालासम्मका गम्भीर ७ आरोप लागेका पूर्वप्रम माधवकुमार नेपाल यतिबेला प्रचण्डको नेकपाका दोस्रो दर्जाका नेता छन् ।


अख्तियारको मुद्दामा विशेष अदालतले साक्षी बकाउने आदेश दिएपछि माधव नेपालको फागुन २१ मा रौतहटबाट चुनाव लड्ने योजनामा तुषारापात लागेको छ । उनले उठ्न पाउने नपाउने, जिते पनि जेल जानुपर्ने हुन्छ भन्छन् कानुनचीहरू ।


## निर्वाचन पर्यवेक्षणमा अमेरिकी संस्था

फागुन २१ मा हुने निर्वाचनको पर्यवेक्षण अनुमति द कार्टर सेन्टर एटलान्टा, एसियन नेटवर्क फर फ्रि इलेक्सन, इन्टरनेशनल रिपब्लिकन इन्ष्टिच्युट र द मल्टी डिसिप्लिनरी इन्ष्टिच्युटले पाएका छन् । द कार्टर सेन्टरले २०७४ मा पनि पर्यबेक्षण गरेको थियो । यो संस्था अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरले स्थापना गरेको हो । यसले विश्वभर शान्ति, सुशासन, मानवअधिकार, कानूनी शासन, पारदर्शिता, न्याय प्रशासनलाई प्रवर्धन गर्ने गरी काम गर्दै आएको छ ।




## एमसीसी तीब्र गतिमा





एमसीसी परियोजना अन्तर्गत बन्ने प्रसारण लाइन, सडक लगायतका पूर्वाधार विकासका काम तीब्र रूपमा अघि बढेका छन् । यही क्रममा ४ सय केभी विद्युत् प्रसारण लाइन निर्माण हुने बर्दघाट पूर्व, बर्दघाट सुस्ता पश्चिम, पाल्पा, तनहुँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर र काठमाडौंको दायाँबायाँ २३/२३ मिटर क्षेत्रमा संरचना बनाउन र रूख रोप्न नपाउने सूचना जारी भएको छ । मन्त्रिपरिषद् बैठकले १ हजार ३ सय ८१ हेक्टर जमिनमा यस्तो रोक लगाउने निर्णय गरेको हो । यसअघि एमसीसी नेपाल विकास समितिले यस्तो निर्णय गरेर सरकारसँग यस्ता रोक लगाउन आग्रह गरेको थाहा भएको छ । एमसीसी परियोजना माओवादीले मागेको र सबैभन्दा बिबाद झिक्ने पनि माओवादी नै भएको विषय हो । विप्लव समूह यसका कटु आलोचक हो ।




# आमा, म फर्किन्छु एक दिन



**शेखर ढुंगेल, हाल अमेरिका**
**पत्रकार/लेखक**

ओहो अनायस उस्लाई गुन्द्रुक ढिडो अनी लप्सीको अचार याद आउँछ साच्चिक्कै मुखनै रसाउँछ उस्को । चिट्ठी लेख्न सुरू गर्नु अघि एकछिन तकियामा शिर राखी कलमलाई मुखमा हल्का च्यापी मुग्लाने सोच मग्न हुन्छ । के लेखौं के न लेखौं ? सुखको काल्पनिक कथा लेखौ कि दुःखको यथार्थता । एकछिन फेरी कोल्टे फेर्दछ र ऊठि टेबुलमा हात राखी आज दिल खोलेर मनको कुरा भोगेको कुरा सबै लेखी दिन्छु आखिर परिवारले पनि थाहा पाउन कि मुग्लान सजिलो रैनछ पैसा सजिलोसित कमाइदो रैनछ भनेर । मलाई थाहा छ तिमी अस्ताउन लागेकी जुन हौ मेरो मुख हेरेरै मर्ने तिम्रो धोको बाहेक तिम्रो अरू इच्छा आकांक्षा मरी सकेका छन । तिमी गल्दै गएकी छौ यो सन्जोग जुर्दछ कि जुर्दैन खै ?

लेख्न सुरू गर्दछ, हे चाउरी परेकी बुढी आमा ! बिदेशबाट खाउ लाउ सोख गर भनेर त्यत्रो पैसा खन्या दिदा पनि तिमी किन झन झन सुक्दै छ्यौ ? मेरो चिन्ता नगर तिमी बर्गरसित आलुतामाको याद मिसाइ खाँदाको स्वादै अर्कै हुन्छ के थाहा तिमीलाई ? ढाड सेकिने गरी बोराका बोरा प्याज काट्नै परे पनि खट खट हरियो डलर गन्दाको मज्जा अर्कै छ त्यो बुझ्दिनौ तिमी ! त्यता बस्या भे कस्को अहार भै सकिन्थ्यो होला कमसे कम यहाँ ज्यान त बच्या छ । अँ तिमी पल्ला घरे काइला बाको छोराको कुरा गर्दै थियौ नि उ त लाग्यो माथितिर यतैबाट खबर त पाइ सक्यौ नै ? पातली रूँदै बिलौना गर्दै होलिन् होइन ? ठूलै सपना थियो उ बिचराको पहिले साहुबाट धितो राखेको भिर पाटोबारी चुक्ता गर्ने, जस्ताको छानो भएको दुई तले घर बनाउने, छोराछोरीलाई राम्रो स्कुलमा पढ्न पठाउने खाँदा पनि परिवार बच्चाकै कुरा गर्दथ्यो सुत्दा पनि तिनीहरूकै सपना देख्थ्यो । अर्को साल त पक्कै फर्कने है भनी मलाई बेलाबेलामा सोधी रहन्थ्यो, कठै बिचराले अर्को साल देख्न नै पाएन ।

आज दिल खोलेर मनको कुरा भोगेको कुरा सबै लेखी दिन्छु आखिर परिवारले पनि थाहा पाउन कि मुग्लान सजिलो रैनछ पैसा सजिलोसित कमाइदो रैनछ भनेर ।

त्यसैले यो पटक रामो राम पहिले जस्तो ढाटेको होइन दसैं मा आउछु । बरू ल भन तिमीलाई के कोसेली लेराइ दिउ ? मामाको छोरा कर्णेको खबर नि पाएकी हौली नि उस्ले त यही कि गाई खाने कि छोरी बिहे गर्यो नि धर्म पनि परिवर्तन गर्‍यो उस्ले । अब बाउ आमाको काजकृया पनि नगर्ने भो ! के जानु नेपाल के छ र त्यहाँ भन्छ । सधैंको मारकाट, लूट, बन्द र हडताल त्यस्तो पनि देश हो ? पो भन्छ त उ आजभोली । बिहे गरेपछी त सुको बचाउन नसकेको गुनासो पनि गर्दैथियो अस्ती, स्वास्नीको फर्माइस पुरा गर्न नसके छोडी देली भन्ने डर रे । उस्ले छोडिदिए उ यहाँ बस्न पनि पाउँदैन, यहाँको नियमले त्उसलाई हामी भन्दा स्वास्नीको चिन्ता छ ।

कस्तो-कस्तो हुन्छ बिदेशमा सुन बुढी आमै ! बिर्खे बाका छोरीको कुरा पनि सुन अरूलाई मैले भनेको न भन्नु नि ? खै के कुरा मिलेन छ आफ्नो बुढासित बच्चा सच्चा जिम्मा देर उनी त लागि छन हाम्रै छिमेकी देशको भैयासित । अब त संपर्क नै छैन उनीसित पोहोरसम्म भाइटीका लगाइ दिएकी थिन । अ कती अर्काको कुरा गर्नु आफ्नै कथा पोख्दछु तिमीलाई, मलाई थाहा छ तिमी पर्खि रहन्छ्यौ हरेक दिन पिढीमा आमा भन्दै कहिले आइपुग्ला छोरा भन्दै, कहिले काही त टप्किन्छ होला आसू होइन ? मेरो सम्झना गर्दै । गाली पनि गर्दी हौली नि मोरो निस्ठुरीले बिर्स्यो मलाई भन्दै ? कुरो त्यसो होइन , म कसरी बिर्सन सक्छु तिमीलाई कठै ? ल तिमी नै भन त बिर्खेको छोराले मुग्लानबाट हेर कत्ती पैसा कमाएर लेरायो त सुती मात्र राख्दछ्स मोरा भनेकी होइनौ ? यहाँ आबारा भएर बराल्लेर बस्नु भन्दा त बिदेसै गए पनि हुन्थ्यो केही त सिक्दथ्यो कि ? अरूका छोरा पनि गएका छन नि म सहेर बसौला जा मोरा केही गर भनेकी होइनौ तिमीले ? मलाई पढाउन धितो राखेको पाखाबारी कसरी छुटाउने त्यो पनि त चिन्ता थियो नि ? अब त्यहाँ बसेर आफ्नो योग्यताले स्थान न पाउने भएपछी मुग्लानिनुको बिकल्प खोइ ? नेपाल सरकारले सोच्ने फुर्सद पाएको देखिन्न बरू आफ्ना मान्छे लगाएर हुन्छ कि आँफै लागेर हून्छ नेपाली युबालाई खसी बोका झै यो देशमा र उ देशमा बेच्नमा नै खुशी छ अझै नेपाल सरकार यस्तो सरकारदेखे कि सुनेकी छ्यौ कतै ?परिस्थितीले म जस्ता हज्जारौ, लाखौं धकेलिएका छन् बिदेशमा रहर त कसैको देख्दिन, कोइ ज्यान जोगाउन, कोइ व्यबहार मिलाउन, कोइ बित्रिष्णा मेटाउन वाध्य भै बसेका छन ।

अँ कती अर्काको कुरा गर्नु आफ्नै कथा पोख्दछु तिमीलाई, मलाई थाहा छ तिमी पर्खि रहन्छ्यौ हरेक दिन पिढीमा आमा भन्दै कहिले आइपुग्ला छोरा भन्दै, कहिले काही त टप्किन्छ होला आसू होइन ? मेरो सम्झना गर्दै । गाली पनि गर्दी हौली नि मोरो निस्ठुरीले बिर्स्यो मलाई भन्दै ?

कति स्वादिलो हुन्थ्यो तिमीले पकाएको मिठो पिठो, कतिआनन्द आऊदथ्यो आगन चौतारी, मेला पर्ब गर्दा ? सम्झी ल्याउदा मन धुजा धुजा हुन्छ । हो एउटा सत्य हो मेरो वर्तमान बन्धकीमा परेको छ, भविष्यमा सुख पाउने रहरमा खोट भएर होला, म किन देशमा बिक्न सकिन, जो बिकेर फट्को मार्दै कमाउने धन्दा गर्दैछन् । के गर्नु आफ्नो सिफारिस गरिदिने कोइ थिएन ? मलाई थाहा छ तिमी अस्ताउन लागेकी जुन हौ, मेरो मुख हेरेरै मर्ने तिम्रो इच्छा आकांक्षा मरिसकेका छन् । तिमी गल्दै गएकी छौ, यो सन्जोग जुर्दछ कि जुर्दैन खै ? रात दिनको काम कामले म पनि शिथिल भैसकेको छु । एकमन त लाग्दछ अहिल्यै उडिहालु रूखो सुखो जे मिल्दछ खाइ शान्त सित बसूँ तर साहुको कर कर चुक्ता भा खोइ ? त्यहाँ आएर हात मुख जोर्ने उपाय पनि छैन नि त के गर्नु ? यो बहाना होइन मेरो यथाथर्ता हो । चाडपर्ब आउँछ शरीर यहाँ छ मन त्यहाँ हून्छ । साँझ बिहान तिम्रै चिन्ताले सताउँछ । तिमी सम्पन्न भएकी भए किन पठाउँथ्यौ र मुग्लान हामीलाई होइन ? सम्हाल आँफैलाई मेरो चिन्ता नगर एकदिन पक्कै आउँछु, म तिमीलाई भेट्न, झुठो म बोल्दिन ।

# दक्षिण एसियाको नेपालमा घातक बल प्रयोग



**(गत भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन र बिद्रोहलाई दक्षिण एसियाको कूटनीतिक र राजनीतिक बृत्तमा भएको प्रचार यस्तो ।)**

***भव्य जोहारी-***

***दक्षिण एसियाली क्षेत्रीय सहयोग संघ (सार्क) को बडापत्रले कुनै पनि क्षेत्रीय मानव अधिकार सन्धि, अनुगमन निकाय वा अदालत स्थापना गर्दैन । विद्वानहरूले जोड दिन्छन् कि उप-क्षेत्रका सरकारहरूले मानव अधिकारप्रति गहिरो प्रतिबद्धताको कमी देखाउँछन् र उप-क्षेत्रीय समाधानहरू स्वीकार गर्न इच्छुक छैनन् । प्रणालीगत उल्लङ्घनका पीडितहरूसँग बाध्यकारी निर्णयको लागि कुनै मञ्च छैन ।***

सेप्टेम्बर २०२५ मा नेपालको सुरक्षा बलले प्रदर्शनकारीहरूमाथि गोली चलाउँदा कम्तिमा ७५ जनाको मृत्यु भयो, उनीहरूले दक्षिण एसियाभरि अन्तर्राष्ट्रिय मानव अधिकार कानून कसरी सञ्चालन हुन्छ भन्ने कुरामा आधारभूत त्रुटि उजागर गरे । प्रहरीले आपतकालीन कर्फ्यू घोषणा गरेको पाँच मिनेटपछि मात्र टाउको र छातीलाई लक्षित गर्दै स्कूली बालबालिकाहरू सहितको भीडमा २,६४२ राउन्ड गोली चलाएको थियो । तर चार महिना पछि, नेपालले जनवरी २१, २०२६ मा आफ्नो विश्वव्यापी आवधिक समीक्षाको लागि तयारी गर्दै गर्दा, एक जना पनि अधिकारीले अभियोजनको सामना गर्नु परेको छैन । कानूनले के चाहिन्छ र राज्यहरूले यसको उल्लङ्घन गर्दा के सामना गर्छन् भन्ने बीचको यो खाडलले कसरी सन्धि दायित्वहरू कागजमा अवस्थित हुन सक्छन् भन्ने कुरा प्रकट गर्दछ जबकि कार्यान्वयन व्यवहारमा अनुपस्थित रहन्छ, विशेष गरी जहाँ अनुपालनलाई बाध्य पार्न कुनै बाध्यकारी निर्णय अवस्थित छैन ।

विशेषताको उल्लङ्घन

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (क्ष्क्र्क्र्एच) को धारा ६(१) ले जीवनको स्वेच्छाचारी वञ्चिततालाई निषेध गर्दछ । मानव अधिकार समितिको सामान्य टिप्पणी ३६ ले स्पष्ट पार्छ कि 'मनमानी' भनेको 'अवैध' भन्दा बढी हो; यसले अनुपयुक्त, अन्यायपूर्ण, वा असमान कार्यहरू समावेश गर्दछ । सम्भावित घातक बल जीवनको रक्षा गर्न वा आसन्न खतराबाट गम्भीर चोटपटक रोक्न कडा रूपमा आवश्यक पर्दा मात्र अनुमति दिइने चरम उपायको रूपमा योग्य हुन्छ । नेपालको कार्यहरूले यस परीक्षणको हरेक तत्वलाई असफल बनायो । विरोध प्रदर्शनहरू सामाजिक सञ्जाल प्रतिबन्धहरू र शासन चिन्ताहरूमा सुरू भए, घातक बललाई औचित्य दिने कुनै आसन्न खतरा प्रस्तुत गरेनन् । प्रदर्शनहरू शान्तिपूर्ण थिए, ICCPR को धारा २१ अन्तर्गत संरक्षित थिए ।

सुरक्षा बलहरूले प्रदर्शनकारीहरूलाई तितरबितर हुन कुनै अर्थपूर्ण मौका दिएनन् । कानून प्रवर्तन अधिकारीहरूद्वारा बल र हतियारको प्रयोग सम्बन्धी संयुक्त राष्ट्र संघको आधारभूत सिद्धान्तहरूले स्पष्ट चेतावनी र पर्याप्त अनुपालन समय आवश्यक पर्दछ (सिद्धान्त १० र १४) । एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले संरचनात्मक असफलताहरू दस्तावेज गरेको छः हताहतलाई कम गर्न कुनै परिचालन योजना छैन, कम घातक हतियारहरूको खतरनाक दुरूपयोग, संयुक्त राष्ट्र संघको निर्देशन उल्लङ्घन गर्ने उच्च स्थानहरूबाट प्रहार गरिएको अश्रु ग्यास, र अस्पतालहरू भित्र प्रयोग गरिएको ग्यास, जसले गर्दा सास फेर्न गाह्रो भयो । एक आपतकालीन कोठाका डाक्टरले दृश्यलाई कसाईको घर जस्तो महसुस भएको वर्णन गरे । यो कमजोर प्रशिक्षण थिएन, बरू सन्धि दायित्वहरूलाई आन्तरिकीकरण गर्न संस्थागत असफलता थियो ।

राज्य उत्तरदायित्व सम्बन्धी अन्तर्राष्ट्रिय कानून आयोगको लेखले उल्लङ्घनबाट जवाफदेहितासम्मको सैद्धान्तिक पुल प्रदान गर्दछ । धारा २ ले अन्तर्राष्ट्रिय रूपमा गलत कार्यहरूलाई अन्तर्राष्ट्रिय दायित्वहरू उल्लङ्घन गर्ने राज्य-शर्तात्मक आचरणको रूपमा परिभाषित गर्दछ । धारा ४ ले संगठनात्मक स्थितिको पर्वाह नगरी राज्य अंगहरूको आचरणको लागि श्रेय स्थापित गर्दछ, जसले नेपालको प्रहरी कार्यहरूलाई स्पष्ट रूपमा श्रेय दिन्छ । धारा १ ले स्थापित गर्दछ कि प्रत्येक अन्तर्राष्ट्रिय रूपमा गलत कार्यले अन्तर्राष्ट्रिय जिम्मेवारी समावेश गर्दछ, जसले गर्दा समाप्ति र गैर-दोहोरिने (धारा ३०) र पूर्ण क्षतिपूर्ति (धारा ३१) लाई ट्रिगर गर्दछ । तर यी माध्यमिक नियमहरूले घरेलु कार्यान्वयन संयन्त्रहरू अवस्थित रहेको मान्छन् । नेपालले व्यवस्थित रूपमा तिनीहरूलाई रोकेको छ ।

जवाफदेहिता शून्यता

नेपालले कसरी राज्यहरूले उपचारात्मक दायित्वहरूलाई अर्थहीन बनाउन आफ्नो जवाफदेहिता संयन्त्रलाई नियन्त्रण गर्छन् भनेर देखाउँछ । ह्युमन राइट्स वाचले २०१५ को मधेश विरोध प्रदर्शन (लगभग ५० नागरिकको मृत्यु) पछि, आधिकारिक अनुसन्धानको आदेश दिइएको थियो तर कहिल्यै प्रकाशित गरिएको थिएन, कुनै अभियोजन बिना दस्तावेजीकरण गरिएको थियो । यो ढाँचा २०२५ मा दोहोरिएको थियो । नोभेम्बरसम्ममा, प्रहरीले सेप्टेम्बर ९ मा कथित हिंसाको आरोपमा ४२३ जनालाई पक्राउ गर्‍यो, तर अघिल्लो दिन प्रदर्शनकारीहरूमाथि गोली चलाउने अधिकारीहरू विरूद्ध कुनै ज्ञात कारबाही गरेन । जनवरी ४, २०२६ मा, पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले महिनौंको प्रतिरोध पछि अन्ततः न्यायिक अनुसन्धान आयोगमा बयान दिए । यद्यपि, सयौं प्रदर्शनकारीहरूले आरोपहरू सामना गर्छन्, जबकि एक जना पनि अधिकारीले अभियोजनको सामना गर्दैनन् । यसले प्रदर्शनकारी अनुपालन सिर्जना गर्दछ, जहाँ राज्यहरूले औपचारिक सन्धि पालना कायम राख्छन् जबकि व्यवस्थित रूपमा आफ्नो ठोस दायित्वहरू उल्लङ्घन गर्छन् ।

राज्य उत्तरदायित्व सम्बन्धी धारा १४ मा मान्यता प्राप्त निरन्तर उल्लङ्घनको सिद्धान्त, गलत कार्यहरूको निरन्तर चरित्र हुँदा लागू हुन्छ । नेपालको दण्डहीनताको ढाँचाले धारा ६ को निरन्तर उल्लङ्घनको उदाहरण दिन्छ, प्रत्येक अनुसन्धान असफलताले उल्लङ्घनलाई विस्तार गर्दछ । तैपनि अन्तर्राष्ट्रिय संयन्त्रहरूले संरचनात्मक रूपमा यो चक्रलाई रोक्न असमर्थ साबित हुन्छन् ।

नेपालको रिपोर्टिङ रेकर्डलाई विचार गर्नुहोस् । यसले २०१४ मा आफ्नो अन्तिम ICCPR आवधिक प्रतिवेदन पेश गर्‍यो, जसले १९९५ देखि २०१० सम्मको अवधिलाई समेट्यो । मानव अधिकार समिति (HRC) को २०१४ को निष्कर्ष अवलोकनले ज्च्क्र को कार्यविधिको नियम ७१ अनुसार, एक वर्ष भित्र अनुगमन आवश्यक पर्ने अत्यधिक बललाई प्राथमिकता चिन्ताको रूपमा पहिचान गर्‍यो । तैपनि, नेपालले आवश्यक अनुगमन जानकारी प्रदान गर्न असफल भयो । अझ उल्लेखनीय कुरा, ICCPR को चार वर्षे चक्रको धारा ४० अन्तर्गत मार्च २०१८ मा बाँकी रहेको नेपालको तेस्रो आवधिक प्रतिवेदन सात वर्ष बितिसक्दा पनि पेश गरिएको छैन ।

यो दोहोरो असफलताले कसरी गैर-बाध्यकारी सन्धि निकाय संयन्त्रहरूले राज्यहरूलाई औपचारिक सन्धि पालना कायम राख्न अनुमति दिन्छ जबकि ठोस दायित्वहरू उल्लङ्घन गर्दछ, ठ्याक्कै किनभने तिनीहरूसँग कार्यान्वयन शक्तिको अभाव छ । संरचनाले वेस्टफेलियन सम्झौतालाई प्रतिबिम्बित गर्दछ, कार्यान्वयन प्रभावकारिता भन्दा राज्य सहमतिलाई प्राथमिकता दिन्छ । नेपालले १९९१ मा पहिलो वैकल्पिक प्रोटोकललाई अनुमोदन गर्‍यो, व्यक्तिगत सञ्चारको लागि क्षेत्राधिकार स्थापित गर्‍यो; यद्यपि, यो वैकल्पिक उपाय प्रणालीगत दुरूपयोग ढाँचाहरूलाई सम्बोधन गर्न उत्तिकै अप्रभावी साबित हुन्छ ।

संरचनात्मक कमजोरीहरू

तीन अन्तरसम्बन्धित संरचनात्मक असफलताहरूले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनलाई यसको सिद्धान्तहरूको जानाजानी उल्लङ्घनको विरूद्ध लागू गर्न नसकिने बनाउँछ । पहिलो, सन्धि अनुगमन निकायहरू बाध्यता होइन, अनुनय मार्फत काम गर्छन् । संयुक्त राष्ट्र संघको समीक्षा र शैक्षिक अध्ययनहरूले सन्धि निकाय सिफारिसहरूको लागि पर्याप्त कार्यान्वयन अन्तर दस्तावेजीकरण गर्दछ, जसमा अनुगमन जानकारी प्रायः हराउँछ र धेरै सिफारिसहरू कार्यान्वयन नगरिएका हुन्छन् । दोस्रो, तेर्सो प्रवर्तन संयन्त्रहरू निष्क्रिय छन् । ICCPR को धारा ४१ ले अन्तरराज्यीय गुनासोहरूको अधिकार स्थापित गर्दछ, तर यो प्रावधान कहिल्यै आह्वान गरिएको छैन । संयुक्त राष्ट्र संघका सबै सन्धि निकायहरूमा, विगत ५० वर्षमा केवल तीन अन्तरराज्यीय सञ्चारहरू दर्ता गरिएका छन्, जुन सबै २०१८ मा फरक महासन्धि अन्तर्गत दायर गरिएका थिए । सन्धि कानून सम्बन्धी भियना महासन्धिको धारा ६० ले भौतिक उल्लङ्घनको लागि सन्धि समाप्तिलाई अनुमति दिन्छ, तर प्रभावित राज्यहरूलाई यो उपचार लागू गर्न आवश्यक छ; उल्लंघनले द्विपक्षीय हितको सट्टा फैलिएको हानि पुर्‍याउँदा यो असफल हुन्छ ।

तेस्रो, र सबैभन्दा आलोचनात्मक रूपमा, दक्षिण एसिया बाध्यकारी मानव अधिकार निर्णय बिनाको एकमात्र प्रमुख क्षेत्रको रूपमा खडा छ । मानव अधिकार सम्बन्धी युरोपेली महासन्धि, मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि, र मानव तथा जनअधिकार सम्बन्धी अफ्रिकी बडापत्रले क्षेत्रीय अदालतहरू (युरोपेली मानव अधिकार अदालत, अन्तर-अमेरिकी मानव अधिकार अदालत) लाई व्यक्तिगत याचिकाहरू प्राप्त गर्न र घरेलु उपचारहरू अप्रभावी साबित हुँदा बाध्यकारी निर्णय जारी गर्न अधिकार दिन्छ । यसको विपरीत, दक्षिण एसियाली क्षेत्रीय सहयोग संघ (सार्क) बडापत्रले कुनै क्षेत्रीय मानव अधिकार सन्धि, अनुगमन निकाय वा अदालत स्थापना गर्दैन । विद्वानहरूले जोड दिन्छन् कि उपक्षेत्रका सरकारहरूले मानव अधिकारप्रति गहिरो प्रतिबद्धताको अभाव प्रदर्शन गर्छन् र उपक्षेत्रीय समाधानहरू स्वीकार गर्न अनिच्छुक रहन्छन् । प्रणालीगत उल्लङ्घनका पीडितहरूसँग बाध्यकारी निर्णयको लागि कुनै मञ्च छैन ।

प्रवर्तन शून्यता

यो प्रवर्तन शून्यताले विकृत प्रोत्साहन सिर्जना गर्दछ । प्रणालीगत घरेलु दण्डहीनताको बावजुद नेपालले संयुक्त राष्ट्र शान्ति स्थापना गर्ने प्रमुख योगदानकर्ताको रूपमा आफ्नो स्थिति कायम राख्छ । संयुक्त राष्ट्र संघको अत्याचार अपराध विश्लेषण ढाँचाले गम्भीर उल्लङ्घन गर्ने सेनाहरूलाई समर्थन गर्न नाममात्रमा रोक लगाउँछ, तर परिचालन मागहरूले कानुनी विचारहरूलाई ओझेलमा पार्छ । नेपालले वार्षिक रूपमा हजारौं सेना तैनाथ गर्छ, संयुक्त राष्ट्र संघको प्रशिक्षण, कोष र अन्तर्राष्ट्रिय वैधतामा पहुँच पुर्‍याउँछ किनभने सन्धि प्रणालीमा जानाजानी उल्लङ्घन गर्नेहरूलाई अयोग्य ठहराउने संयन्त्रको अभाव छ । यसले धारा ३०-३१ को उपचारात्मक तर्कलाई उल्ट्याउँछः समाप्ति र क्षतिपूर्तिलाई ट्रिगर गर्नुको सट्टा, निरन्तर उल्लङ्घनले संस्थागत पुरस्कारहरू दिन्छन् ।

यहाँ दस्तावेज गरिएको मानक-उपचारात्मक विच्छेदन वास्तुगत हो, आकस्मिक होइन । बाध्यकारी निर्णय बिना एकमात्र प्रमुख क्षेत्रको रूपमा दक्षिण एसियाको अद्वितीय स्थितिले न्यायोचित उल्लङ्घनहरूलाई कूटनीतिक कुराकानीको बिन्दुमा रूपान्तरण गर्दछ । जब सहमतिमा आधारित अनुगमन क्षेत्रीय प्रवर्तन शून्यताहरूसँग सहअस्तित्वमा रहन्छ, राज्यहरूले जवाफदेहिता उपकरणलाई नै कब्जा गर्छन्, वैधता प्राप्त गर्न शान्ति स्थापनामा छनौट रूपमा भाग लिन्छन् जबकि माध्यमिक दायित्वहरूले पूर्वनिर्धारित घरेलु कार्यान्वयन संयन्त्रहरूलाई रोक्छन् । जनवरी २१, २०२६ मा नेपालको विश्वव्यापी आवधिक समीक्षाले यो प्रवर्तन शून्यतालाई अवरोध गर्न सकिन्छ कि भनेर एक महत्वपूर्ण परीक्षण प्रस्तुत गर्दछ । प्रश्न यो हुनेछ कि सार्क राज्यहरूलाई अनिवार्य क्षेत्राधिकार स्थापना गर्न प्रेरित गर्न सकिन्छ कि सकिँदैन, वा उपचारात्मक प्रभावकारिता भन्दा सार्वभौमसत्तालाई प्राथमिकता दिने सरकारहरूको लागि कार्यसम्पादन अनुपालन संरचनात्मक रूपमा इष्टतम भएको छ कि छैन ।

(लेखक ग्लोबल ल स्कूलका व्याख्याता हुन् । रिपोर्ट SAM मा)

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# श्री ५ महेन्द्र (नेपालमा राजाको महत्व)

**प्रा.राजनारायण प्रधान (दार्जिलिङ)**

राजा श्री ५ महेन्द्रको नाम लिनासाथ उनको प्रज्ज्वल व्यक्तित्वका अनेक रूप हाम्रा आँखाअघि आउँछन्- राष्ट्रियताका सजग प्रहरी, हिम्मती राजनेता, विश्वका एक अति निपुण राजनीतिज्ञ, पञ्चायती प्रजातन्त्रका प्रबल प्रवर्तक, राष्ट्रिय मामलाका आत्मनिष्ठ अभिभावक, अति संवेदनशील कवि, प्रतिभा सम्पन्न, प्रजाप्रेमी, प्रजापति र एक प्रचण्ड प्रतापी भूपति !

राजा महेन्द्रले तीन थोक चाहेका थिए । पहिलो नेपालको हित, दोस्रो नेपालको हित र तेस्रो नेपालको हित । उनी विश्वका अन्तरकुन्तर घुमे तर उनको मायाले कहिल्यै नेपाली पहाड नाघेन । उनको निम्ति स्वदेश नै विश्व थियो, विपना थियो, सत्य थियो, एक खँदिलो अस्तित्व थियो । उनलाई 'पहाडका गर्खागर्खा', 'तराईका गरागरा', 'डाँडा, जल, पहरा, साल, सल्लो गुराँस' मन पर्थ्यो । उनलाई सुनौला साँझमा नेपाली बादलमाथि तितरी पङ्क्षी उडेको, जुनेली रातमा कलकल गरी खोला बगेको, हरियो डाँडामा निर्मल झरना झरेको र रूपौला रङ्गको उच्च हिमाल टल्केको हेर्न मन पर्थ्यो । त्यति मात्र होइन उनले विश्वकै सौन्दर्य आफ्नै देशमा समेटिएको पनि देखे ।

महेन्द्र एक राजा हुन् जसले विश्वको नजरमा नेपालको इज्जतलाई शिखरमा पुऱ्याए । उनले देशविदेश भ्रमण गरे अनि जुनजुन भूमिमा पाइला टेके, त्यहाँका भूमिपुत्रहरूले उनको मुक्त हृदयले स्वागत गरे, मुक्त कण्ठले प्रशंसा गरे । महारानी एलिजावेथ द्वितीयाले स्वागत गर्दै उनीसित प्रेमपूर्वक हात मिलाउँथिन्, पण्डित नेहरू उनीसित हातेमालो गर्दै हिँड्थे, अमेरिकी सांसदहरू उनको सौम्य मुहार देखेर मख्ख पर्थे, क्रुश्चेवले भोजमा उनीसित दुईचार ख्यालठट्टा गर्थे, चाउ एनलाइले उनका कुरा आदरसाथ सुन्थे, टीटो र नासेरले उनीसित आत्मीयता बाँड्थे । अन्तरार्ष्ट्रिय पटभूमिमा उनले छोडेका यी सुन्दर बिम्बहरू थिए ।

राजा महेन्द्र एक उच्चकोटीका कवि हुन् । कविताकै क्षेत्रमा पनि उनी महान् छन् । उनका कविताहरूले धेरैपल्ट मेरा आँखा रसाएका छन्:

कोही धनी असाद्धे
कोही गरीब माग्ने
सक्तिन देख्न भन्छिन्
सन्तान थरी थरीका ।

कवि महेन्द्रले देशमा भयानक गरिबी देखे, जनता भोखानाङ्गा देखे अनि कविता लेखे । जब कविले आत्माको पुकार सुन्छन्, तब कवि इमान्दार हुन्छन् । अघि बेलायतमा भयङ्कर दरिद्रता थियो, प्रत्येक ओठमा वेदनाको सुस्केरा थियो, प्रत्येक अनुहारमा व्यथाको लहर थियो । यो कुरा विलियम ब्लेकले देखे अनि 'लण्डन' भन्ने कविता लेखे । महेन्द्र जस्तै संवेदनशील कवि अरू पनि हुन सक्छन् तर महेन्द्र जस्तै संवेदनशील व्यक्तित्व अरू मैले देखेको छैन ।

श्री ५ महेन्द्र वीरविक्रम शाहदेवको जन्म नारायणहिटी दरबारमा भएको थियो । त्यो दिन थियो १९२० को ११ जून । राजदरबारमा हर्ष र उल्लास थियो । पिता त्रिभुवनवीरविक्रम शाहदेव र माता कान्तिराज्यलक्ष्मीदेवीको प्रसन्नताको पारावार थिएन । युवराज महेन्द्र राजकीय परिवेशमा हुर्कन थाले । विज्ञ राजगुरूहरूले उनको अघि पूर्व र पश्चिमका ज्ञान र विज्ञानका ढुकुटी खोलिदिए । उनी नेपाली, अङ्ग्रेजी, संस्कृति साहित्यको संसारमा रम्न थाले । अङ्ग्रेजी र नेपाली कविका कविता कानमा आनन्द विभोर भएर विचरण गर्न थाले । सङ्गीतमा पनि दक्षता हासिल गरे । घोडा चढ्न शिकार खेल्नुमा पनि उत्तिकै निपुणता प्राप्त गरे अर्थात् सम्पूर्ण राजोचित कला र कौशल आर्जन गरे ।

बीस वर्षको उमेरमा उनले बिहे गरे । युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी थिइन् अति सुन्दरी, अति रमणीय, सरस्वती जस्ती सौम्य मूर्ति । युवराज महेन्द्रले वैवाहिक प्रेमको परमानन्द उपभोग गरे । उनको प्रेम अविच्छिन्न थियो, अटल थियो:

मन मन्दिरकी रानी
अब छमछम गर्दै आऊ
म स्वागत गर्छ तिम्रो !

तर विधिको विडम्बना विचित्र छ । उनकी परीजस्ती अति सुन्दरी युवराज्ञी इन्द्र मरिन् । महेन्द्रमाथि यो वज्रपात थियो, कुठाराघात थियो । अनि उनले आँसुले कविता लेखे-

तिमी ज्यान हौ यो जीउको
तिमी प्राण जिन्दगीको ।

पछि महेन्द्रले युवराज्ञी इन्द्रकी बहिनी रत्नराज्यलक्ष्मी शाहलाई बिहे गरे । कविका आँखामा उनी मात्र सान्त्वनाकी मूर्ति हुन सक्थिन् ।

रानी रत्न पनि युवराज्ञी इन्द्रजस्तै परम सुन्दरी थिइन् । उनी साँच्चै सौन्दर्यकी साम्राज्ञी थिइन् । कृष्णमूर्ति लेख्छन्- 'महारानी रत्नराज्यलक्ष्मी आर्य नारीत्वको प्रतीकस्वरूप पुष्प हुन् । पूर्वका मुलुकहरूमा उनी सबभन्दा सुन्दरी महारानी हुन् । उनको रूपरङ्ग जतिको सौम्य छ, हृदय पनि उत्तिकै पवित्र छ ।' उनी राजा महेन्द्रकी अर्धाङ्गिनी थिइन्, सुखदुःखको सङ्गिनी थिइन्, सर्वस्व थिइन् । राजा सुन थिए, उनी सुगन्ध थिइन् । मलाई लाग्छ राजा महेन्द्रले 'उसैको लागि' युवराज्ञी इन्द्रलाई समर्पित गरेका हुन् भने 'फेरि उसैको लागि' उनले रत्नलाई अर्पित गरेका हुन् ।

सन् १९५६ मा राजा महेन्द्रको राज्याभिषेक समारोह सम्पन्न भयो । नेपालीहरूको निम्ति अति प्यारो, अति श्रद्धाको विषय केही छ भने त्यो हो राज्याभिषेक । कुनाकुनाबाट नेपालीहरू राजधानीमा ओइरिन थाले । विश्वका पन्ध्र मित्रराष्ट्रहरूका प्रतिष्ठित प्रतिनिधिहरू काठमाडौंमा आए । त्यस विशिष्ट मण्डलीलाई प्रज्वलित पार्ने भारतका डाक्टर राधाकृष्णन् थिए जो स्वयम् एक विशाल व्यक्तित्व हुन्, एक विज्ञ विद्वान् पनि । राजा महेन्द्रको राज्याभिषेक त्यस वर्षो सबभन्दा चर्चित अन्तर्राष्ट्रिय घटना थियो ।

अब राष्ट्रपिता त्रिभुवनको सपना साकार पार्न राजा महेन्द्र अघि बढे । १९६० मा उनले आम चुनाउ गराए । अठार महिनासम्म उनले सरकार चलेको हेरे, नेताहरूको चहलपहल देखे अनि जनताको आचरण पनि बुझे । प्रजातन्त्रको किल्ला तब सुरक्षित हुन्छ जब जनताले डर फाल्छन्, कर्तव्यको पालन गर्छन् र साहस प्रदर्शन गर्छन् ।

तिम्रै हो लेऊ नागरिक हक, काँधमा काँधै गरी
सत्यता तिम्रो छ हतियार, डर नलेऊ क्यै कति !

अनि राजा महेन्द्रको निम्ति सत्य नै धर्म थियो । सेनेका भन्छन्- 'राजाले डर मान्नु हुँदैन ।"

अभयं अभित्राद अभयं मित्राद !

एकान्तमा बसेर महेन्द्रले सोचे होलान् देशमा अझै पनि प्रजातान्त्रिक मिजास आएको छैन । फेरि उनले जनताका खलबल सुने होलान् । पिताको आज्ञा थियो:

जन आवाज सुनी सबै कामकाज गर्ने गर्नू ।

राजा महेन्द्रले सरकार र संसद् भङ्ग गरे । १९६० को १५ डिसेम्बरमा नेपालको राजनैतिक मैदानमा महेन्द्रको एक्लो अधिपत्य थियो ।

वयं राष्ट्रे जागृयाम पुरोहित !

राजा महेन्द्रले आफ्ना नातागोता, भाइभारदार लिएर एकछत्र शासन गर्न सक्थे । तर उनले त्यसो गरेनन् । उनले फेरि जनताकै हातमा शक्ति सुम्पे । जनतामाथि उनको कत्रो विश्वास थियो ! तुरून्तै उनले देशवासीहरूलाई पञ्चायती प्रजातन्त्र प्रदान गरे । यो विश्वमै एउटा नौलो वस्तु थियो, एक अभूतपूर्व घटना थियो । राजा महेन्द्र विश्वभरि नै सबभन्दा चर्चित व्यक्ति भए ।

पञ्चायती प्रजातन्त्रको मूलमन्त्र हो शक्तिको विकेन्द्रीकरण अर्थात् जनताको हातमा शक्तिको प्रसारण । यही एकछत्र शक्तिको परित्यागमा राजा महेन्द्रको कत्रो महानता टल्केको थियो । उनको नीयतको सच्चाइ र उद्देश्यको विशुद्धता देखेर नेपालीहरूका शिर श्रद्धामा झुकेका थिए ।

देशमा समस्याहरू अन्तहीन थिए । गरिबहरूको हाहाकार र चीत्कार थियो, भूमिहिनहरूको सुँक्कसुक्क र सुस्केरा थियो, हुने र नहुनेमा आकाश, पातालको अन्तर थियो, रजौटाहरूको अत्याचार र मनमानी थियो, शिक्षाको क्षेत्र अलपत्र थियो, यातायातको सुविधा थिएन, कला, साहित्य र सङ्गीत टाक्सिएका थिए ।

राजा महेन्द्रले राष्ट्रिय योजना परिषद्को गठन गरे । मुलुकी ऐन र भूमिसुधार ऐन जारी गरे । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयको स्थापना गरे । रजौटाहरूको बिर्ताको उन्मूलन गरे । पूर्व पश्चिम राजमार्ग, अरनिको राजमार्ग, पृथ्वी राजपथ तथा अरू राजमार्गहरूको निर्माण गरे । प्रशासनमा सुधार ल्याउन लोक सेवा आयोगको गठन गरे । यति मात्र होइन उनले भित्र र बाहिरका नेपाली प्रतिभाहरूलाई प्रोत्साहन दिए, उनीहरूलाई अनुकूल पद प्रदान गरेर आभूषित गरे ।

राजा महेन्द्रको निम्ति कोही प्यारो थियो भने त्यो थियो नेपाली । उनी थिए जनता जनार्दनका राजा । उनले आफ्नो चलन र व्यवहारले राजा र प्रजातको पर्खाललाई तोडे;

म हुँ तिमी, तिमी मै हो
नजानूँ भन्न तँ र म !

शेक्सपियरको शब्दमा उनी प्रत्येक इन्च नै राजा थिए ।

राजा महेन्द्रको प्रथम प्रेम थियो बालक, बालिका । एकपल्ट उनी एउटा स्कुलमा गए र एउटी सानी सुन्दरी बालिकालाई सोधे 'भन त तिमीहरूलाई अमेरिकीहरूले के दिए -' बालिकाका आँखा चमचम गरी चम्के अनि मृदु स्वरमा भनी- 'उनीहरूले हामीलाई सुन्दर सुन्दर गाडीहरू दिए । उनीहरू हाम्रा मित्र हुन् ।' फेरि राजाले सोधे- 'अङ्ग्रेजहरूले नि -' बालिकाले झट्ट भनी- 'अहो ! उनीहरूका त हाम्री जस्तै अति सुन्दरी महारानी छन् ।' बालिकाको सुन्दर केशराशि मुसार्दै राजाले फेरि सोधे- 'अनि भारतीयहरूले नि -' मधुर कम्पित स्वरमा बालिकाले भनी- 'अहो ! उनीहरूले त हामीले जस्तै श्री पशुपतिनाथलाई पुज्दा रहेछन् । उनीहरू हाम्रा दाइ हुन् !'

महेन्द्रले आफूलाई श्री पशुपतिनाथको चरणारविन्दमा समर्पित गरेका थिए । उनी भन्छन् प्रभुलाई चढाउने केही छैन केवल नेत्र-जल छ:

मनले धाएर आएँ प्रभु !
अब तिम्रै मन्दिर आएँ
खाली हातले शान्ति आस ली
धाई मन्दिर आएँ ।
अर्पणलाई जलपात्रसम्म नपाई
बहँदो मन गङ्गाजलसाथ,
दुई नेत्र भरीकन ल्याएँ ।

महेन्द्र हुन् जनताका संवेगशील, यौवनोत्फुल्ल, हिम्मती नेता ! अतिशय मानवीय, निर्भीक र देशका उद्धारक । सङ्कटका घडीहरूमा बारम्बार उनले आफ्नो अतुल्य राजनैतिक चातुर्यको प्रदर्शन गरेका छन् । उनको यही ऐतिहासिक भूमिकालाई चाँदनी शाहका निम्नोद्धृत पङ्क्तिहरूले अति सुन्दर ढङ्गमा सङ्केत र रेखाङ्कित गर्दछन्:

तिमी चुक्थ्यौ त रूनेथ्यो इतिहास
वीर नेपालीका गाथा र भाकाका
तिमी झुक्थ्यौ त के हुन्थ्यो होला
यहाँ स्थिति नेपालका डाँडा र पाखाको !

१९७२ को ३१ जनवरी नेपालीहरूका निम्ति दुर्भाग्यको दिन थियो किनभने त्यही दिन महेन्द्रले इहलीला समाप्त गरे । मेचीदेखि महाकालीसम्म शोकको लहर फैलियो । फैलिएर विश्वभरि फिजियो ।

महेन्द्र गए तर उनी प्रत्येक नेपालीका घटघटमा विराजमान छन् । उनी चिरञ्जीवी छन् ।

***(स्वर्गीय राजनारायण प्रधान दार्जिलिङ स्थित सेन्ट जोसेफ कलेजका प्राध्यापक हुनुहुन्थ्यो)***

साभार: पैंतीस प्रसिद्ध पुरूष (२०४५)

# मतलब के छ साथी ? यहाँ क्रान्तिको



**विश्लेषण**

**नारायणप्रसाद मिश्र**

मतलब के छ साथी ? यहाँ क्रान्तिको
भ्रष्टाचारको कमाइले दल सञ्चालन गर्ने
व्यापारी लूटको धनले चुनाव जित्ने
जनता ठगी, छकाई सरकारमा पुग्ने
धम्की र दादागिरीले समाज नियन्त्रण गर्ने
प्रजातन्त्रको जप गरी आफू आफन्तमात्र पोस्ने
सबैको उस्तै मान, सबैको उस्तै सम्मान
यस माटोमा हुन्छ भने मतलब के भयो ? साथी
आन्दोलन पहिलोको अर्थ के भयो ? साथी
आन्दोलन दोश्रोको मतलब के छ ? साथी
रगत बगाउनुको शोषण र दमन बिरूद्ध
आवाज उठाउनुको तस्करीको आम्दानीले
भ्रष्टाचारको कमाइले धम्की र लूटले
जोड़ेको धन सम्पतिमा
सबैको उस्तै मान, सबैको उस्तै सम्मान
यस माटोमा हुन्छ भने मतलब के छ ? साथी
आन्दोलन, आन्दोलनको मतलब के छ ? साथी
मात्र क्रान्तिको नयाँ नेपाल निर्माण गर्ने
मात्र नाराको नयाँ नेपाल निर्माण गर्ने
मात्र नाराको ।

# तेजस्विनी सदनभित्र नियाल्दा



***अरूणबहादुर खत्री***

अतुल पोखरेलको तेजस्विनी सदन नामक उपन्यास को अध्याय एकमा जङ्गल र पर्खालमाथिको साझा नीलो आकाशमा सानासाना सेता बादलका टुक्रामुनि फाट्टफुट्ट चरा उडेका देखिन्थे । रूखका हरिया, सफा पात कुनै कुनै बेला हल्लिएका देखिन्थे । उसका गाई अलिक पर्तिर चर्नमा मस्त थिए भनेर लेखिएको छ ।

अध्याय दुईमा एकराज एउटा साधारण, गरिब युवक गोठालो । सिमरिका त्यो रहस्यमय अदृश्य परिसरभित्रबाट बेलाबखत झुल्किने एउटी सुन्दरी नवयौवना । र, उनीहरूको बीचमा त्यो अग्लो पर्खाल । एकराजको तत्क्षणको अनुभूति छामेर भन्नुपर्दा त्यो निर्दयी, कुरूप, मरूतुल्य पर्खाल । उसको सुकेको छातीलाई अमृतमय जीवनरस सिञ्चनबाट वञ्चित गराउने ढुंगे बाँधरूपी त्यो अन्यायी पर्खाल छ । अगाडि लेखिएको छ- एकराजले कताकता मृदुल प्रभाकर भन्ने नाम धेरै पहिले सुनेको थियो । कसैले त्यो नाम राजाको हो भन्थे कसैले होइन भन्थे । गाई र बाँसुरीमा भुलिएको गोठालोलाई राजा हो वा होइन भन्नेमा कुनै चासो नै भएन । अध्याय एघारमा पर्खाल परिसरभित्र छिरेको दिनदेखिनै कल्पना र यथार्थमा धेरै अन्तर हुँदोरहेछ भन्ने कुरो देख्न थालेको छ एकराजले । अध्याय पन्ध्रमा तन्नामा थ्याच्च बसेको एकराज अलि पर्तिर भुइँमा सऱ्यो र त्यहाँबाट मृदुललाई हेर्न थाल्यो । मृदुलले पिलिक्क आँखा खोले र भने- के बाँदरजस्तो टुक्रुक्क बसेर हेर्छस् । भयो जा एकराज । अध्याय सोह्रमा मृदुलले बोलाएको सुन्नासाथ कुटो एकछेउ फालेर दगुर्दै आँगनमा उभिएर उनको आदेश सुन्न पर्खिएको एकराजलाई भाग्यले दोस्रो पटक तेज भवनको भऱ्याङ उक्लिन आमन्त्रण गरेको छ । अध्याय अठ्तीसमा जसै एकराज अलि दूरमा आँखाले खाल्टो भेट्टाउने गरी छेउछाउ पुग्यो तब अचानक उसको टाउकोमा एउटा शंका पलायो कतै मलाई नै भड्खालोमा जाक्ने अर्को जुक्तिमाथि त काम गर्दै छैनन् ती बहुलाही स्त्री ? अध्याय बयालीसमा आँखा खुल्दा एकराजको मन त्यसै त्यसै सिमलको भुवा जस्तै हलुङ्गो भएको थियो । सरर हावामा उडेजस्तो आनन्द आयो उसलाई । राति निदाउने बेलाको संशय, चिन्ता र दिकदारी कतै थिएन उसको मनमा ।




प्रेम, बासना, मनोविज्ञानको संश्लेषणलाई भाषा र साहित्यको ओजले ओतप्रोत बनाउने उपन्यास सामाजिक यथार्थमा आधारित उपन्यास हो तेजस्विनी सदन ।

यस उपन्यासको अध्याय उन्पचासमा एकराज जिल्ल परेर सुचित्राको कुरा सुन्दै बरिरहेको छ । सुचित्राले फेरि गुन्युको फेरले आफ्ना आँखा र गाला पुछ्दै भनिन्- एकराज मैले भोगेका पीडाहरूको लागि तिमी जिम्म्मेवार छौ भनेर मैले भन्न खोजेको होइन । अध्याय चवन्नमा आफ्नो मन खोलेर सिमरिकालाई देखाउन सक्ने स्थिति आजको दिनसम्म नआएकोले गर्दा उनलाई ठूलो नोक्सान भएको खबर एकराजले गरेको छ । यस उपन्यासको अन्तिम अध्याय एकसठ्ठीमा एकराज घोडाबाट तल ओर्लिएन । फर्कर वरिपरि हेऱ्यो । तेज भवनको धुरी मात्र भए पनि अन्तिम पटक हेर्ने झिनो इच्छा उसको मनमा पलाएको छ ।

सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । रूपमतीले अघि सारेको आदर्शउन्मुख यथार्थवादी औपन्यासिक चिन्तन-धारालाई तेजस्विनी सदनले प्रष्टसंग पछ्याएको अनुभूत हुन्छ ।

लेखक: अतुल पोखरेल. कृति: तेजस्विनी सदन । प्रकाशक: सिमल बुक पब्लिकेशन ।

# देशभक्तिमा महेन्द्रजस्तो को छ ?



देशभक्तिका मुद्दामा राजा महेन्द्रजस्तो को छ ? आज जे छ, ती सबै आधारभूत संरचनाहरू राजा महेन्द्रका देन हुन् । २०१७ सालदेखि २०२८ सालसम्मको ११ वर्षमा राजा महेन्द्रले नेपालको राष्ट्रवाद मजबुत पारे । नेपालको व्यक्तित्वलाई राष्ट्रसंघका माध्यमबाट विश्वसमक्ष अग्लो बनाए । महेन्द्र कालखण्ड त्यस्तो समय थियो, जुनबेला नेपालले के बोल्छ भनेर विश्वले कान ठाडो पारेर सुन्थ्यो । आज नेपाललाई कसले सुन्छ ? राजनीतिमा लोकतान्त्रिक परिवर्तन भएको १७ वर्ष भयो, यो १७ वर्षमा नेपालको व्यक्तित्वको क्षयीकरण मात्र भयो ।

विश्व रङ्गमञ्चमा नेपाललाई उभ्याउने राजा महेन्द्र । अनेक जातिलाई एकतावद्ध पारेर एकीकरणको भावधारामा जोड्ने राजा महेन्द्र, नेपालको दीर्घकालीन विकासको आधार तैयार गर्ने राजा महेन्द्र, छुवाछुतको अन्तदेखि भूमिसुधारका क्रान्तिकारी कदम चाल्ने राजा महेन्द्र, नेपाली मुद्रादेखि नेपाली भाषाको उन्नयनमा ठूलो योगदान दिने राजा महेन्द्र, महेन्द्रकालको ११ वर्ष हेरौं, बहुदलदेखि लोकतन्त्र कालखण्ड हेरौं ?

जसरी पनि देश सिध्याउने राजनीति भइरहेको छ । एकजना राजा फालेर हजारौं महाराजा जन्मिएका छन् । यो समयमा जो गरीव नेता थिए, ती सबै आज अरवका शेखजस्ता भएका छन् । राजनीतिलाई व्यवसाय र व्यापार बनाउनेहरू लोकतन्त्रको गुड्डी हाँक्छन् । लोक दयनीय बनेका छन् ।

राजा महेन्द्रलाई गालीगलौज गरिन्छ, अप्रजातान्त्रिक भनेर आरोप लगाइन्छ । प्रजातान्त्रिक शासनमा देश किन कमजोर भयो, कूशासन किन बढ्यो, बोलिदैन ।


लोकतन्त्रवादीले नेपाललाई रसातल पुऱ्याइसके, विश्वास र भरोसा सकिएर निराशा बढेको छ ।

राष्ट्र बलियो पार्न जनतालाई बलियो पार्नुपर्छ । जनताको शोषण गरेर नेता त बलियो बनेका छन्, राष्ट्र मजबुत हुनसकेन, राष्ट्र साह्रै कमजोर भयो । जय महेन्द्रराजा ।



केन्द्रमा मात्र वरिपरि घुम्नेको कुरा सुन्नेले
त्यस्कै आधारमा जितका तानाबाना बुन्नेले
किनाराका शुभचिन्तक चिन्ने प्रयास गरेको खै
खोल्नु पर्यो भित्री आँखा मनमा सत्यलाइ गुन्नेले !

**- डा.पुष्पा केसी भण्डारी**



फर्किंदैनन् बितेका दिन आँसु मात्रै आउँछन्
जब सम्झिन्छौ एकैछिन आँसु मात्रै आउँछन्
जानेहरू त हात हल्लाउँदै खुसी हुनु भन्दै गए
फेरि पनि आँखामा किन आँसु मात्रै आउँछन् ।

**- अर्जुन अधिकारी**




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## ती नेताका मुठ्ठीबाट नेपाल बनेन

सत्य यही हो कि बहुदल न लोकतन्त्र, ३७ वर्षमा देश बनेन । यसको अर्थ यिनै नेता, यिनकै विचार र शैलीले देश बन्दैन । जनताको उत्कट अभिलाषा भनेको सुशासन हो, जुन कोसौं टाढा छ । यिनै नेता र यिनको मुठ्ठीबाट नेपाल नबन्ने पक्का छ । यो विषयमा कुनै पनि विवाद रहेछ ।

०४६ सालपछि कांग्रेस, एमाले, माओवादी र अन्य पार्टीहरू अहिले पनि छन् । नेता जो थिए, तिनकै फर्मान, हुकुममा बहुदल र लोकतन्त्र चलेकै हो । आज पनि तिनै नेता छन्, एकाध पार्टी र नयाँ नेता थपिएका छन् । पुरानो तौरतरिकाबाट देश चल्दैन, त्यस प्रकारको हुकुम, फर्मान चाहिएन भनेर भदौ आन्दोलन र आक्रोशको डढेलो लागेको हो । खोजी सक्षम पुस्ताको हो । आवाज पुस्तान्तरणको हो । जेनजीले निर्णायक हस्तक्षेप गरेकै हुन् । भ्रष्टाचारको सिंहदरवार ढालेकै हुन्, आगो झोसेकै हुन् । एक युगमा एकपल्ट आउने दिन आएकै हो, जेनजीले निर्णायक युद्ध जितेकै हुन् । जितलाई व्यवस्थापन गर्न सकेनन् । जितपछिको नेतृत्व लिन सकेनन् । जितलाई भ्रष्ट र अपराधिक प्रवृत्ति परिवर्तनको यूटर्न दिन सकेनन् । किनकि नयाँ पुस्तालाई राजनीति थाहा थिएन । अब बिस्तारै बुझ्न थालेका छन् । फागुन २१ मा चुनाव आएको छ, यो चुनावमा जेनजी पुस्ताले राजनीतिक पाइला सार्नैपर्ने छ ।

इतिहास वीरहरूको लेखिन्छ । नेपाली राजनीतिक मैदानमा जेनजीले वीरता देखाएकै हुन् । नयाँ इतिहासको रचना गरेकै हुन् । अब चुनावपछि सुशासनको जग हाल्ने अभिभारा छ । जेनजीले चाहे भने सुके लुतो जसरी चिलाउने रोग भइसकेको राजनीतिक चरित्रलाई बदल्न सक्छन् । बदल्नेछन् । हो, छद्मभषी साह्रै डरलाग्दा हुन्छन् । दशकौंदेखि जरा गाडेर बसेको छद्मभेषी त झन डरलाग्दा हुने नै भए । आन्दोलनका समयमा भूमिगत भएर भागेका भए पनि अहिले मैदानमा अवतरित भइसकेका छन् । युद्ध जित्ने दाह्रा नङ्ग्रा देखाउन थालेका छन् । राजनीतिक चरित्रमा शुर अशुरको यो युद्धमा जेनजीले जित्नुपर्ने अभिभारा जेनजीकै काँधमा छ । जेनजीले हार खान सक्दैन । किनकि सिङ्गो मुलुकको भार जेनजी पुस्ताको काँधमा रहेको छ । त्यसकारण डरलाग्दा प्राणी लाई छेरभालु बनाउने जिम्मेवारी पनि जेनजीकै हो । देशले स्पष्टबक्ता तानाशाह खोजिरहेको छ । जनताले धेरै सहे, धेरै मौका दिए । जनताले दिएको अवसरलाई स्थापित नेतृत्वले गलत रूपमा प्रयोग गऱ्यो, जनताले दिएको विश्वासमाथि घात गऱ्यो र अपराधिक र नेपोटिजम शासन चलाइरह्यो । अब त्यस्तो सम्भव छैन, किनभने जेनजी जागेका र जागरूक भएका छन् ।

आगामी दिनमा नीति, नैतिकहीन पल्टेर कुनै नेताले देश र जनता चुसिरहन सक्नेछैनन् । साहसी युवा उठेका छन् । आफ्नै इतिहास कालो लेख्न अग्रसर भएका स्वार्थी तोरीलाउरेको इतिहास कालै लेखिनेछ । २०४६ सालपछिका प्रजातान्त्रिक अथवा वामपन्थी, उदारवादी अथवा लोकतान्त्रिक गणतन्त्रवादी भनाउँदाहरूले जुन प्रकारले शासन गरे, त्यो हुतिहारा र कायर शासनावधि नै प्रमाणित भएको छ । विदेशीका सामु लम्पसार पर्नेले स्वराज बचाउन सक्दैन । जुन नेतृत्व कायम छ, त्यो वास्तवमा हाराकिरी गर्ने बर्ग नै हो । देश बनाउने जिम्मा समयानुकूल जन्मनुपर्छ । नेतृत्व जन्मने चुनावबाट हो, जन्माउने जनताले हो । जनताले फागुन २१ मा निर्णय दिनेछन् । त्यही जनादेशबाट जनताले चाहेअनुसारको नेतृत्व जन्मिनुपर्छ र देशले नयाँ दिशातर्फको पाइला अघि बढाउनुपर्छ । खोटा सिक्काबाट देश बन्दैन । नयाँ जाँगर भएका र राजनीतिमार्फत समाज परिवर्तन गर्छु भन्नेहरूले नेतृत्व लिनुपर्छ ।

# चुनाव : हात्ती आयो हात्ती आयो फुस्सा नहोस्




जेनजी पुस्तालाई धन्यवाद दिनैपर्छ, यही पुस्ताले देशको जर्जर भएको अवस्थामा सिङ्गो मुलुकको विवेकलाई झक्झक्याइदिएका छन् । हरेक नागरिक, हरेक पार्टी र हरेक नेता निन्द्राबाट ब्यूँझेजसरी झस्याङ्ग भएका छन् । युवा जागे भने के मात्र नहुने रहेछ ? के मात्र असम्भव रहेछ र ? जो घटनाक्रम देखियो, यसबाट विश्वजगत नै चकित छ । जेनजी पुस्ताले स्थापित सिस्टम नै ढाल्न सक्ने घटना नेपालमा देखियो । भयो ।

२०४६ मा बहुदल पुनर्स्थापित भएपछि धरैपल्ट चुनाव भएका छन् । हरेक चुनावमा जनताले आश्वासन पाए, चुनावका बेलामा खर्चपानी, भोज खाए, चुनावपछि त्यसको महगो मूल्य देश र जनताले नै चुकाउनु परेको थियो ।

२०४६ देखि २०८२ सम्ममा जनताले अँध्यारो उज्यालो देखेका छन् । चुनावमा भोट दिएका छन्, चुनावमा नेतालाई जिताएका छन् । छटपटी र पीडा पनि जनताले नै भोगेका छन् । नेताहरूले सपना देखाएरै चुनाव जिते, सत्तामा पुगेपछि पनि सपना देखाएरै देशलाई लुटे । यो अवधिमा देश बलियो भएन, देशबासी झन कमजोर भए । नेताहरूले यतिसम्म चरित्रहीन काम गरे कि आज विश्वले नेपाललाई भ्रष्टहरूको देश भनेर चिन्छन् । दण्डहीन मुलुक भन्छन्, मानव तस्करीको अड्डा सम्झन्छन् । विश्वका असफल मुलुकहरू हाइटी, सियरालियोनभन्दा तल्लो तहमा नेपाल खस्किसकेको छ ।

हुन त कतिपय नेताहरूको स्वीस बैंकमा पैसा छ । नेपालमै खरवौं सम्पत्ति हुनेहरू पनि छन् । तर रोजगारी छैन, उद्योगधन्दा छैन, बन्दव्यापार छैन । खाद्यान्नदेखि लत्ताकपडा, गाडीको आयात हुन्छ । नेपाल छिमेकीको सामान बेच्ने हाटबजारजस्तोमात्र छ । देश हुनका लागि चाहिने कुनै विशेषता नेपालमा घट्दै गएका छन् । राजा फाल्नुलाई अग्रगामी फड्को, छलाङ भन्नेहरू हुन् कि बहुदललाई सफलता मान्नेहरू हुन्, सबै भ्रष्टाचारमा गनाएका छन् ।

विश्वले आश्चर्य मानेको विषय भनेको नेपालका नेता कस्ता हुन्- जो जनताको नाना, खाना, छाना, स्वास्थ्य र शिक्षामा व्यापार गर्छन् । जनताले पाउनैपर्ने प्राथमिक आधारभूत आवश्यकतामा व्यापार गर्छन् । यस्तो देशलाई लोककल्याणकारी राज्य भनेर हाम्रा नेताहरू थाक्दैनन्, विश्व हाँस्छ ।

२०४६ सालदेखि समुन्नत समाज, विकास, समानता हेर्ने आशले बसेका नेपाली २०८२ सालमा आइपुग्दा पनि आशै गरिरहेका छन् । आश गर्दा गर्दा निराश बनिसकेका जनताका सामु फेरि चुनाव आइपुगेको छ । चुनाव जित्नका लागि उमेदवारहरूले नानाभाँती आश्वासन दिएर जनतालाई आकर्षित गरिरहेका देखिन्छन् । हरेक चुनावमा जे हुँदै आएको छ, त्यही प्रवृत्ति दोहारिरहेको छ । जनताको आशा र भरोसा, आस्था र विश्वास २०४६ सालदेखि ३७ वर्षसम्म पनि वीरबलको खिचडी पाक्ला र खाउँला भन्ने स्थिति मै छ । कथा कथा हो, जुन कथाले जनतालाई पीडामात्र दिएको छ ।

जुनसुकै पार्टी वा नेताको आश्वासनलाई जनताले हात्तीको देखाउने र चपाउने दाँत फरक भएको रूपमा बुझिसकेका छन् । यसकारण त हरेक चुनावमा विश्वास गर्छन्, चुनाव सकिएपछि कहिल्यै विश्वास पूरा हुँदैन । हात्ती आयो हात्ती आयो फुस्साका रूपमा चुनाव आउँछ, परिणाम आउँदैन । पार्टी सिस्टममा सेटिङ शासन गर्छन् ।

प्रजातन्त्रमा जनता निर्णायक हुन् । जनताको अभिमतले संसद बन्छ, संसदले सरकार बनाउँछ, कानुन बनाउँछ । जनमतभन्दा पर प्रजातन्त्रमा केही पनि हुँदैन । यसकारण जनतालाई जनार्दन पनि भन्ने गरिन्छ । तर नेपालको सन्दर्भमा जनता कहिले जनार्दन हुनसकेनन् । चुनावका बेलामा लोभलालच, बाहुबली देखायो, खर्चपानी दियो, चुनाव जित्यो अनि जनताको प्रतिनिधि बनेर देश र तिनै जनतालाई लुट्यो । ०४६ सालदेखि भइरहेको यही नै हो । यो प्रकृया थाहा पाएका विदेशीले समेत भन्न थालिसकेका छन्- हिराको मूल्य किराले जानेनन् ।

फेरि एकपल्ट फागुन २१ मा चुनाव आएको छ । पहिले पहिलेजस्तै जनताले चुनावमा जीवन रोज्ने कि मृत्यु ? यो निर्णायक घडी आउन अब महिना दिनमात्र बाँकी छ । जनता कति सचेत होलान् ?

पटक पटक स्थापित नेताहरूले यतिसम्म भने कि घरघरमा ग्यासको पाइप, नदीमा पानी जहाज, मेट्रो सिटी, मेट्रो रेल, सिंगापुरको सपना पनि देखाएकै हो । नयाँ नेपाल बनाउँछु भन्नेहरूले भएकै नेपाललाई संकटमा पारिदिए, बिस वर्षमा माखो मारेनन् । हो, भ्यू टावर बन्यो । भएका उद्योग बन्द भए वा बेचिए । रोजगारी खोसियो, प्रत्येक वर्ष तैयार हुने ५ लाख युवाले रोजगारीका लागि विदेश दौडनु पऱ्यो । यतिबेला पहाडमा बुढाबुढी, बालबालिकामात्र छन्, सहरमा कमिशन, ठगी, लूट, भ्रष्टाचार, अपराधमात्र छ । शान्ति क्षेत्र नेपाल अशान्त छ ।

यी सबै असन्तुष्टिहरू जनताले सडकमा व्यक्त गरे, सुनेनन् । मार्कोसजस्ता भ्रष्टहरूको बिगबिगी देखियो । नेपोटिजम र नेपोबेबीइजमको स्वर्ग बन्यो नेपाल । नेपालको हालत सुडान, सोमालियाको जस्तो हुनपुग्यो ।

देशलाई बजेट आकारको ब्यापार घाटा र ३२ खर्ब राष्ट्रिय ऋणको खाल्डोमा हाल्ने यिनै हुन् । यतिका ऋण कहाँ खर्च भयो, यिनले बताउन सक्दैनन् । कुशासनका कारणले राष्ट्रको स्तर ग्रेलिस्टमा पुगिसक्यो, ब्ल्याकलिस्टमा पर्ने खतरा बढिसक्यो । यो भनेको विश्व समुदायमा नेपालको इज्जत माटोमा मिल्नु हो । कुनै समय नेपालले के भन्छ भने विश्व कान ठाढो पारेर सुन्थ्यो, आजकल विश्वले नेपाललाई सुन्दैन, हेप्ने प्रवृत्ति समेत बढेर गएको छ । एमसीसी योजना दिने अमेरिकाले समेत नेपाललाई भिसा दिन कडाइ गरेको छ । बण्ड राख्नुपर्ने सर्त लादेको छ । नेपालले भुटानी शरणार्थीको नाममा आतंककारीलाई समेत निर्यात गर्नुको परिणाम हो यो । तैपनि अन्धा शासकहरू सचेत भएनन् । लोकतन्त्रको नामधारी भ्रष्ट शासकहरूले सामाजिक सञ्जाल बन्द गरिदिए । रोजगारीका गाडी संसारभरि दु:ख झेलिरहेकाहरूले घरका बुढा आमाबा, परिवारजनसँग दु:खसुख साट्न पाएनन्, सन्चोबिसन्चो सोध्न पाएनन् । दुईचार पैसा कमाउन, पठाउन पाएनन् । अनि बाध्य भएर भदौ २३ गते जेनजी पुस्ताले आन्दोलन गर्न बाध्य भएका हुन् ।

यही आन्दोलनले दलहरूका भ्रष्टाचारी, दुराचारी सत्ता ध्वस्त पारिदिए । हुनुपर्ने त्यतिबेलै धेरै परिवर्तन थिए । हुनसकेनन् । त्यसपछि अन्तरिम सरकार गठन भयो र फागुन २१ मा नयाँ चुनाव घोषणा भएको हो । यो चुनावमा पनि गल्ती भयो भने नेपालीले फेरि अपराधिक राजनीतिको कहर बेहोर्नुपर्ने छ । चुनावको त्यही प्रस्थान विन्दुबाट देश नयाँ नेतृत्व चयन गर्न अग्रसर भएको छ । यो चुनावमा धेरै नयाँ पुस्ताका उमेदवार खडा भएका छन् । यो चुनाव निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा हुनसक्यो भने शासन सत्तामा विवेकशीलहरू पुग्न सक्छन् । काई, लेउ, ऐंजेरूहरू छाँटिन्छन् । ७६ जना जेनजी पुस्ताको रगतबाट रक्तबिज जन्मिन सक्ने र देशमा नयाँ युग सुरू गर्ने अवसर हो यो । शासन सत्ता शुद्धीकरणको साइत फागुन २१ हो । साइत छोप्न जरूरी छ ।

हुन त सरकार गठनदेखि चुनाव हुन महिनादिन जति बाँकी हुन्जेलमा जेनजी सपनामा धेरै प्रकारका चिसोपानी खन्याउने षडयन्त्र भइसकेको छ । कसैले जिम्मेवारी बिर्से, कतिले कर्तव्य भुले । कतिले जेनजीको सहादतलाई अपमान गरे । जेनजी आन्दोलनका समयमा भूमिगत भएकाहरू फेरि चुनावी मैदानमा हुँकार मार्न थालेका छन् । जसले ०४६ सालको बहुदलदेखि लोकतान्त्रिक गणतन्त्रसम्म शासन गरे र आफूमात्र सफल भए, देश र जनतालाई छटपटीमा पारे, तिनै तत्वहरूले चुनाव जित्नु भनेको राजनीतिले समाज परिवर्तन गर्न नसक्नु र फेरि पनि राजनीतिक बिचण्डताको निरन्तरता हुनु हो । जेनजी पुस्ताले ल्याएको परिवर्तन हावाको एक झोक्का हो, आयो गयो भन्ने अर्थ लाग्नसक्ने विषयमा जेनजी पुस्ताले गम्भीरताका साथ बुझ्नै, सोच्नैपर्ने देखिन्छ । शासन सत्ताका नेता, प्रशासकहरूले ठूलो घात गरेका छन् । झुट बोल्ने र झुक्याउने निरन्तरताको क्रमभङ्गता हुने समय यही हो । नीति, सिद्धान्त, निष्ठा र लोकलज्जाको लक्ष्मणरेखा कोर्ने बेला पनि यही हो । सिण्डिकेट, आलोपालो, नेपोटिजम, पपुलिजम, सर्वत्र राजनीतिकरण र अपराधको श्रृङ्खला बिच्छेद गर्ने, स्वाभिमान जगाउने अहिले नै हो । जर्जर भइसक्यो सामाजिक, आर्थिक, राजनीतिक, सांष्कृतिक, परम्परागत संष्कार । शासक र जनतावीचको मर्दै गएको विश्वास जगाउने र चरम वितृष्णमा आशा जगाउने अहिले नै हो । किनकि जनता अन्तिम निर्णायक हुन् । जनताले सहँदा सहँदा जनतालाई जनार्दनबाट दासको दृष्टिले हेर्नेहरूलाई सवक सिकाउने अवसर यही हो ।

भ्रष्ट र अपराधीहरूको सातो गएको छ । उनीहरू सावधानी अपनाइरहेका छन् । यस्ता अपराधीलाई ठाउँका ठाउँ परास्त गर्न सक्नु नै जेनजी पुस्ताको आन्दोलनको परिणाम हुनेछ । फलाम तातेको छ, यहीबेला जनताले हम्मर हाने भने चाहेजस्तो हतियार बनाउन सक्छन् । त्यही हतियारले हातमुख जोर्ने वातावरण बनाउन सक्छन् । जनताको गाँस, बास, कपास, स्वाभिमान बिर्सनेहरूलाई सवक सिकाउने समय यही हो र यहींबाट विवेकपूर्ण युग सुरूआत हुनसक्छ ।

जनबल, जनमत र जनविश्वासमाथि खेलबाड गर्नेहरूले देशलाई अन्धकार सुरूङ बनाइसके । डरलाग्दा तथ्य र तथ्याङ्कहरू सुइरो बनेर नेपाल र नेपालीमाथि घोचिरहेका छन् । समयभन्दा बलवान केही हुँदैन । यो समय जनता विवेकशील हुने समय हो । जनताको विवेकले शासन प्रशासन, समाजमा मृत्युतुल्य चेत, उर्जा, जगाउन सकिन्छ । जनताको विवेकपूर्ण निर्णयले राष्ट्रिय नीतिनिर्माण, शासन सत्तामा विवेकको पुनर्स्थापना हुनसक्छ । स्टन्ट, चर्का भाषण, चर्को आरोप प्रत्यारोप, भ्रमपूर्ण भाषण, पूरा नहुने सपना, लोभलालचमा फस्नु भनेको मृत्यु रोज्नु हो ।

हामीले खोजेको वर्तमान र भविष्य कस्तो हो ? यसमा नेताको लोभलालच-आश्वासन, बाहुबली र अपराधीको त्रासदी, बाह्य दबाब धेरै अल्झोहरू हुनेछन् । यी सिस्नोका झाडी फाँडेर जनताले विवेकलाई रोज्न सके जीवन पाउनेछन् । शासक, प्रशासक, नागरिक समाजलाई पनि विवेकी हुन बाध्य पार्नसक्नेछन् ।

जीवन रोजौं, विवेकी बनौं, विवेक रोजौं । विवेकी शासन पद्धति अपनाऔं । विवेकले सभ्य समाज सिर्जना हुनेछ ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# पुस्तान्तरण मात्रै राजनीतिक समाधानको बिकल्प होइन



प्रवीण वयक

राजनीतिमा हुने पुस्तान्तरण प्राकृतिक उपज जस्तै हो । यो समय र आवश्यकता ले खडा गरेपछि स्वत स्पूर्त हुने कुरा हो । धेरै जसो विश्व राजनीतिमा देखिएका हरेक राजनीतिक पुस्तान्तरण को पछाडि खास त्यस्तो विशेष कारण देखिँदैन । तर यस्तो परिवर्तन गर्नका लागि चाहिने मूल हतियार भनेको राज्य सत्ताबाट गरिने केही गलत निर्णय, कमीकमजोरी र भुल्चुकहरू हुन जसको परिणाम स्वरूप नागरिक समाजद्वारा विरोधको भावनाको विजारोपण हुँदै उक्त विरोधको भावना व्यावहारिक विद्रोहमा परिणत हुने गर्छ, त्यसैले विद्रोह एउटा बहाना मात्रै हो । कुनै पनि रूखमा रूखमा एउटा पातको आयु सकिएपछि अर्को पात पलाउनु प्राकृतिक कारण हो । त्यस्तै एउटा नेताको राजनीति गर्ने कार्य क्षमता, उमेर सँगै समयको माग बमोजिम अर्को नेता नेतृत्वकर्ताको रूपमा जन्मिनु अचम्मको कुरा होइन । यतिसम्म कि त्यो पुस्तान्तरणका माध्यमबाट जन्मिएको नयाँ नेतृत्वकर्ताहरूमा भएको वैचारिक फेरबदल र त्यसमा देखिएको भिन्नता पनि कुनै ठूलो कुरा होइन किनकि फरक समयमा फरक फरक वैचारिक अवधारणाको जन्म हुनु मानवीय अवचेतन को प्राकृतिक विशेषता हो ।

मानवीय समाजमा धार्मिक शासन प्रणालीले शासन हुँदै आधुनिक र भौतिकवादी मान्यता प्रभावित भई शासन गर्दै आएको नयाँ राजनीतिक प्रणालीमा फरक फरक अवधारणा विकास सँगै फरक व्यक्तिको जन्म हुनू स्वभाविक कारण हो र उक्त कुराबाट समाज शासित भई यो अवस्था सम्म पुगेको पनि छ भन्ने कुरा दार्शनिक दृष्टिकोण बाट हेर्दा पनि त्यस्तै देखिन्छ । यस सन्दर्भलाई निष्कर्षको रूपमा हेर्दा Prominent British Comparative jurist Sir Henry Sumner Maine प्रगतिशिल समाजको अवधारणा समेत यस कुरालाई आत्मसाथ गरेको देखिन्छ । जसले सामाजीक आवश्यकता अनुसार सामाजिक संरचना परिवर्तन भएसँगै कानुन निर्माण प्रक्रियादेखि नियन्त्रण गर्ने संस्थाहरू समेत बदलिँदै जान्छन् भन्ने कुरालाई जोड दिन्छ । त्यस्तै Maximilian Carl Emil Weber को वैधानिक सत्ताको सिद्धान्त ले पनि परम्परागत रूपमा सञ्चालन हुँदै आएको धार्मिक शासन प्रणालीदेखि आधुनिक रूपमा स्थापित भएको नयाँ Legal Rational Authority पनि अप्रत्यक्ष रूपमा व्यक्त गरेको देखिन्छ ।

यस्ता केही सिद्धान्त लाई जोडेर हेर्दा नेपालको राजनीतिक क्षेत्रमा परिवर्तन गर्नुपर्छ भन्ने कुरालाई आधार मानेर उठेको आवाज "पुस्तान्तरण" लाई जोडेर हेर्दा कुनै पनि किसिमको फरकपन देखिँदैन । यो मूलुकमा हिजोदेखि आजका दिनसम्म पुस्तान्तरण नभएको भन्ने छैन । नेपाली समाजले जनताले चाहेको र खोजेको मान्छेहरू नजन्मिएका होइनन् र आगामी दिनमा पनि नजन्मिने भन्ने पक्कै होइन तर यसरी उदाउँदै गरेकाहरूले ल्याएको नयाँ विचारभन्दा पनि उनीहरूले ल्याएको नेपाली समाज र जनआकांक्षालाई आत्मसाथ तथा नागरिकद्वारा समर्थन गर्न सकिने नयाँ सँगै अरूभन्दा फरक सोचमा आधारित नयाँ एजेन्डा बोकेका छन् वा छैनन् भन्ने आजको मूल प्रश्न हो ।

त्यसै कारणले गर्दा एउटा पुस्ताको शक्ति हराएर अर्को पुस्ताले जिम्मेवारी ग्रहण गरी राजनितिक बागडोर सम्हाल्नु र नेतृत्व लिनु मात्र आवश्यक होइन । वास्तवमा वास्तविक आवश्यकता त्यो हो जुन कुराले समाजलाई प्रगतिशीलताको बाटोतर्फ धकेल्न र दीर्घकालीन निकासका मार्ग निर्देशित गर्न सक्छ । हुन त हाम्रो मुलुकको राजनीतिक इतिहासमा यस्तो कुराले स्थान नपाएका हैनन् पाएका थिए, पाएका छन्, र पाउनेछन् पनि किनकि नयाँ अवधारणाले समाजलाई समस्याबाट गुज्रिए को समाजलाई निकास दिने खालको विचारलाई स्वीकार्नु स्वभाविक हो ।

विगतमा परिवर्तन हरूमा २००७ सालको प्रजातान्त्रिक उपलब्धिदेखि २०४७ सालको बहुदलीय व्यवस्था हुँदै २०६२/६३ पछि आएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र यसले अवलम्बन गरेका सामाजिक परिवर्तन तथा नयाँ संरचनाहरूले वास्तविक व्यावहारिकता पूर्णरूपमा लागू गर्न सकेको छैन । यसले यसको एउटै प्रमुख कारण भनेको नै विभिन्न नेतृत्व सम्हाल्ने नयाँ बनिएका नेतृत्वकर्ताले पनि पुरानै कुरालाई आत्मसात गर्नु हो जुन कुरा राजनीतिमा "आफू स्थापित हुनु" भनेको नै परिवर्तन ठान्नु हो ।

राज्य सत्ता सञ्चालन गर्नका लागि चाहिने व्यवस्था मात्रै आवश्यकता होइन । कुनै पनि राज्य सत्तालाई सञ्चालन गर्न नयाँ पद्धतिको आवश्यकता नै पुस्तान्तरणमा हुनुपर्ने एउटा गुण हो (संरचनागत कमी सच्याउनका लागी गरिने परिमार्जन तथा रूपान्तरणका कार्यहरू) र यो हुन आवश्यक पनि छ किनकि नेपालमा आएको राजनीतिक व्यवस्था परिवर्तन बाहेक अन्य कुनै पनि किसिमका परिवर्तन भए जस्तो देखिँदैन ।

हाल विश्वमा फैलिएको मानवअधिकार तथा मौलिक अधिकारको लहरसँगै आएका नागरिक अधिकारबाहेक सामाजिक विकासका लागि व्यावहारिक रूपमा लागू गर्नुपर्ने नयाँ कदमहरू चालिएको खासै देखिँदैन । यस्ता कदमहरूमा नयाँ राजनीतिक तथा सामाजिक विकास सँगै देशलाई आत्मनिर्भर बनाई देश परिवर्तन को मूल मुद्दालाई सम्मान गर्न चाहिने नयाँ विकास र नीतिलाई अवलम्बन गरिनुपर्ने कुरालाई प्राथमिकता दिँदै नयाँ पुस्ताहरूले राजनीक गर्दै उक्त कुरालाई आफ्नो मूल मुद्दा वा एजेन्डाका रूपमा स्थान दिन आवश्यक छ ।

तर नेतृत्वमा रहेर यस्तै नयाँ सँगै फरक योजनालाई आधार स्तम्भ बनाएर काम गर्न भने निकै चुनौतीपूर्ण र कठिनाइ देखिन्छ किनकि नेपाली समाज एक यस्तो भ्रममा बाँचिरहेको समाज हो । जहाँ भविष्यको बाटोलाई अँगाल्नु भन्दा पनि विगतमा गरेका राजनीतिक तथा सामाजिक योगदानको गुनगान सुनाई दिँदा ठिक्कै पर्छ । जुन परम्परा हिजोदेखि स्थापित भई आएका र हाल आफूलाई स्थापित बनाउने क्रममा रहेका सबै नयाँ दलहरूले गर्दै आएका छन, चाहे आजसम्म बेच्दै आएको जनतालाई बेच्दै आएको मदन भण्डारीको जनताको बहुदलीय जनवाद होस् चाहे कांग्रेसले बेच्ने गरेको बी.पी कोइरालाको प्रजातान्त्रिक समाजवाद होस, चाहे माओवादी अवधारणा बोकेको प्रचण्ड पथमा आधारित गणतन्त्रात्मक राज्य व्यवस्थाको होस्, चाहे सुनाउने पृथ्वीनारायण शाहदेखि महेन्द्रको योगदान होस् सबैले विगतमा केही राम्रा व्यक्तिले गरेका योगदानलाई आधार बनाएर नेता हुँदै सांसदसम्म बन्ने बाटो बनाउने बाहेक खासै नयाँ त्यस्तो केही योजना छ जस्तो देखिँदैन, जसले देशको भविष्यको रेखा कोरियोस यो योगदान पुराना नेताहरूमा थियो नहाल पुस्तान्तरणबाट आफूलाई स्थापित गर्न खोजिरहेका नयाँ राजनीतिक दलहरूमा नै छ ।

अहिले केही नयाँ र केही पुराना राजनीतिक दलहरूमा पनि नयाँ व्यक्तिहरूको उदय देख्न सकिन्छ हाल सम्पन्न हुँदै गरेको प्रतिनिधिसभाको चुनाव मा प्रतिस्पर्धाका लागि पनि नयाँ व्यक्तिहरू आएका छन् यो एउटा परिवर्तनको संकेत भएतापनि यसमा देखिन सक्ने ठूलो चुनौती भनेको नागरिकद्वारा अपेक्षित जनचाहना र देशले चाहेको चाहे अनुसारको मुद्दालाई सम्बोधन गर्न सक्ने छन् वा छैनन् भन्ने कुरा आकलन गर्न सकिँदैन यस कुरालाई परीक्षण ( व्यावहारिक रूपमा लागू तथा कार्यान्वयनमा ल्याउन सकिने कानून नीति नियम तथा कानुन बनाउने सँगसँगै प्रभावकारी र पर्दाशिक विकास नीति जस्ता विषयहरू पर्छ) तब गरिन्छ जब राजनीतिलाई काममा परिणत गरिन्छ ।

अहिले देखिएको अर्को मुख्य विषय भनेको हाल उदाउँदै गरेका नयाँ राजनीतिक दललाई पनि त्यही परम्परालाई अङ्गीकार गर्नू हो । आफूलाई राजनीतिको विकल्पको हिस्सेदार ठानेर गरेको नयाँ राजनीतिले पनि के परिणाम दिन्छ भन्ने कुराको निचोड देखिँदैन । त्यसैले यथार्थ र वास्तविकता अँगाल्नुपूर्व आफू र आफूसँगै ल्याएको नयाँ विचार र राजनीतिक अवधारणा यथार्थको सीमा भित्र छ वा छैन भन्ने कुरालाई अवलोकन गर्न जरूरी छ । राजनीतिक केवल छोटो समयको विकल्प नभई दीर्घकालीन रूपमा समाजलाई सम्भावनाको बाटोतर्फ लिने समाधानको रूपमा नलिएसम्म जनताले जतिसुकै अपेक्षा गरेपनि त्यसलाई परिपूर्ति गर्न सकिँदैन र यस्तो अवस्थामा राजनीतिक दलले पनि आफ्नो औचित्यता गुमाउने निश्चित नै हुन्छ । जसले गर्दा फेरि छोटो समयमै निराशाको बिउ उम्रिने गर्छ र यसले देशको सम्पूर्ण राजनीतिकलाई अस्थिरतातर्फ धकेल्छ र उक्त परिणामले सिङ्गो समाजलाई समेत हानि गर्न सक्छ ।

त्यसकारण political means and ends एउटै हुनुपर्छ भन्ने कुरालाई नयाँ पुस्ताका नेताले र नेतृत्वकर्ताले गम्भीर रूपमा सोच्न आवश्यक छ । चाहे कुनै पुराना दलहरू बाट उदाउँदै गतेका नयाँ नेता हुन् वा नयाँ उदाउँदै गरेका वैकल्पिक मानिने राजनीतिक दल, उनीहरू सबैले यस कुरालाई नअङ्गालेसम्म फेरि पुरानै प्रवृत्तिको हावी हुने सम्भावना रहन्छ । आम जनताको राष्ट्रिय माग र चाहना के हो भन्ने कुरालाई कुराका आधारमा पार्टीका उद्देश्यहरू कोरिनुपर्छन् र यस्ता उदेश्यलाई पुरा गर्नका लागि सबै राजनीतिक दलहरूले एक ठाउँमा आउन आवश्यक छ । हाल हामीहरूले अवलम्बन गरेको संसदीय व्यवस्थामा सत्तापक्ष र प्रतिपक्षमा बसेर एक अर्काको विरोध गर्नु यस प्रणालीको सुन्दरता हो । तर यस्तो गर्न मिल्छ भन्दैमा सिङ्गो राष्ट्रलाई नै खतरामा पार्ने गरी र देश र जनताको अहितमा काम हुने गरी एकअर्काको विरोध गर्नु निश्चय नै गलत हुन्छ बरू नीति निर्माण देखि कानुन निर्माण प्रक्रिया अरूमा सहमतिका आधारमा काम गरी मुलुकमा विधिको शासन तथा सुशासन कायम गर्न सकिन्छ ।

अहिले देखिएका कमी कमजोरीलाई सुधार गर्नका लागि सबैले अग्रसर आउन आजको प्रमुख आवश्यकता हो । देश आर्थिक संकटबाट गुज्रिरहेको बेला देशको आर्थिक सुधार गर्नुपर्छ भन्ने भावनाको विकास नभएका कारणले देशलाई यस्तो किसिमको राजनीतिक हाल बेहोर्नु परेको हो । नेपालमा बहुदलीय प्रजातन्त्र पछि अवलम्बन गर्दै आएको प्रणालीमै प्रश्न उठेर नयाँ व्यवस्था फरक किसिमको राज्य सञ्चालन प्रणाली अवलम्बन गरिनुपर्छ भने चाहेको रूपमा आवाज उठ्नुको कारण पनि यही व्यवस्थाले देखाएको कमजोरीपनाको परिणाम हो । आगामी दिनहरूमा यस्ता कमजोरी सच्याउँदै नयाँ राजनीतिक संस्कारलाई निरन्तरता प्रदान गर्न यसैका आधारमा उचित किसिमको राजनितिक परम्परा स्थापित गर्दै जनताको मागलाई सम्बोधन गर्न र उक्त कुरालाई गतिशील देखि व्यावहारिक बनाउन सकियो भने मात्र देशले राजनीतिनिक निकास पाउने देखिन्छ । त्यसका लागि पुरानो कुसंस्कारलाई तोड्दै नयाँ ढङ्गबाट अगाडि बढ्नुपर्ने कुरा अबको पुस्ताले थाहा पाउनुपर्छ र आ-आफ्नो दलको मूल मुद्दा बनाउनुपर्छ ।



भारतले भाइब्राण्ट बनाएको कालापानी क्षैत्रको गुञ्जी, कुटी, नाभी, जहाँका जनता फागुन २१ को चुनावमा मतदान गर्न पाउनेछैनन् । यो क्षेत्र नेपालको चुच्चे नक्साको नेपालमा पर्छ । यहाँ भारतको शासन चल्छ, नेपाल सरकार जिब्रो तालुमा टाँसेर बसेको छ, चुनाव जित्न राष्ट्रवादी हौं भन्ने पार्टी र नेताहरू कोही पनि बोल्दैनन् । यस्तो छ नेपालको लोकतन्त्र ?

# इतिहास : नाक, कान किन काटिन्थे ?

प्रेमसिंह बस्न्यात्

विश्वका देशहरूमा प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना हुनुअघि छिमेकी भारतमा शासन गरिरहेको इस्लामिक मुगल साम्राज्य, चीन, युरोप, तिब्बत् र अन्य मुशलमान् शासक रहेका देशहरू, काठमाडौं उपत्यकाका मल्ल राज्यहरूमा र काठमाडौं उपत्यकाबाट नेपालको पश्चिममा रहेका बाइसे - चौबिसे राज्यहरूमा समेत सेनामा सेवारत सैनिक, समाजका महिला, पुरूष लगायतका आरोपितलाई कि सरकारी अधिकारप्राप्त व्यक्ति कि त समाजका पञ्च बसेर नाक, कान काट्ने सजांय दिने प्रचलन थियो । यी दृष्टान्तहरू पुराना ग्रन्थ, गुगल आदि स्रोतहरूमार्फत पाउन सकिन्छ ।

राज्यबिरूद्धको अपराधमा, गम्भीर धोका दिने, षडयन्त्र गर्ने काम गरेबापत समाजमा र सरकारी काममा यसप्रकारको सजांय दिने प्रचलन संसारभर जस्तै थियो । सरकारी सेवामा, राजाको सेवामा, देशको लागि, समाजको लागि घात गर्ने, युद्धको, धर्मपत्र बिपरीत काम गर्ने, लडाईंबाट भाग्ने, समाजमा ३ पटक र सो भन्दा बढी वहुविवाह गर्ने नारी लगायतलाई प्राणदण्ड होइन, बेइज्जती गर्नका लागि, समाजले त्यस्ता घाति चरित्र भएका मानिसहरू चिनुन् भन्ने उदेश्यले यसप्रकारका सजांय दिने प्रचलन थियो ।

मल्ल राजाहरूले शासन गरेको काठमाडौं उपत्यकामा साधारण जनतालाई पनि कालभैरवको स्थान अगाडि लगेर हात काट्ने, नाक काट्ने, कान काट्ने, अङ्ग भङ्ग गर्ने जस्ता सजाय दिने गरेको पाउन सकिन्छ ।

वि.सं.२०५२ देखी सशस्त्र जनयुद्ध नाम दिएर हिंसात्मक कृयाकलाप शुरू गरेको नेकपा माओवादीले वि.सं.२०६३ सम्म मान्छेका छाला तर्ने, घाटि रेटेर मार्ने लगायत नेपालभित्र उनीहरूसँग विमति राख्नेहरूमाथि यसप्रकारका अमानवीय कुकर्म सबै गरेका थिए । नेकपा माओवादीका सशस्त्र विद्रोहीहरूको हिंसात्मक कृयाकलाप सुरू हुँदा विश्वमा प्रेस स्वतन्त्रता थियो । अनि माओबादीमा PhD गर्ने अनि धेरै हेड मास्टर समेत थिए । मानवअधिकारका विश्वब्यापी सन्धिमा नेपालले हस्ताक्षर गरिसकेको थियो । तर पनि, सत्ता प्राप्त गर्नका लागि भएको एक दलको हिंसात्मक अभियानमा १७औं शताब्दिमा हुने गरेका किसिमका सबैप्रकारका अमानवीय कामहरू भएका थिए । तर यो बारेमा केहि नबोली बडामहाराज पृथ्वी नारायण शाहलाई मात्र खेदो खान्छन् ।

वि.सं.१८०१ मा नुवाकोट विजय गरेर नेपाल एकीकरण अभियान सुरूवात गरेका श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको राज्यकाल (वि.सं.१७९९-१८३१) मा विश्वका कुनैपनि देशमा प्रजातान्त्रिक सरकार स्थापना भएका थिएनन् । त्यससमयमा विश्वब्यापी मानवअधिकार घोषणापत्र जारी भएर कार्यान्वयन भएका थिएनन । तर पनि, यदाकदा, राष्ट्रनिर्माताको राज्यकालमा भएका एकाध घटनालाई सन्दर्भ बनाएर, आजभन्दा २६० बर्ष अघिका प्रचलनमा रहेका नाक, कान काट्ने, छाला काढ्ने जस्ता सजांयका बारेमा उठान गरेर, पृथ्वीनारायण शाह र नेपाल एकीकरणका सन्दर्भमाथि बिरोध गर्ने काम भइरहेको छ । यस प्रकारको बिरोधमा नेपाल राष्ट्र निर्माण र नेपालको दीर्घकालीन राष्ट्रिय हितबिरूद्ध क्रियाशील समुहहरू सक्रिय रहेको प्रष्ट हुन्छ ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको राज्यकालका सैनिक कमाण्डरहरूले पनि 'युद्ध धर्मपत्र' भङ्ग गरेर धोका दिने आफ्नै सेना र बिपक्षी सेनालाई, नाक, कान काट्ने सजांय दियका थिए । नेपाल अङ्ग्रेज युद्धमा मलाउं क्षेत्रको लडाईंमा घात् गर्ने आफ्नै सेनालाई बडाकाजी अमरसिंह थापाले नाक, कान काटिदिएका थिए (हेर्नुहोस् : योगी नरहरीनाथ, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृ.६२०-३४) ।

नेपाल भोट युद्ध, वि.सं.१९११ मा प्रधानमन्त्री तथा प्रधानसेनापति जङ्गबहादुर कुंवरले युद्ध भूमिबाट भागेका सिपाही र पिपाहरूको नाक, कान काट्न आदेश दिए अनुसार, रसुवागढीमा कार्यरत लप्टन सिताराम सिजापति खत्रीले नाक कान काटेका थिए ।

नेपाल र भारतका धेरै राज्यमा धेरैपटक विवाह गर्ने महिलालाई नाक काट्ने र गालामा डाम्ने चलन थियो । त्यसैगरी हाल पनि अफगानिस्तान, पाकिस्तान लगायत इस्लामिक शासन भएका देशमा अदालतमार्फत नै यो सजांय दिइन्छ । नेपालमा पनि मुगल राज्यमा चलेको चलनबाट यसप्रकारको सजांयको प्रचलन भित्रिएको थियो।

मध्यकालमा अपराधिलाई सजांय दिइंदा, जाति अनुसार फरक सजांय दिइन्थ्यो । ब्राह्मण जातिलाई नाक, कान काट्ने, मृत्युदण्ड दिने चलन थिएन, ब्राम्हणलाई चार पाटा मुडेर, डाम्ने, देश निकाला आदिको सजांय गरिन्थ्यो । लडाईंमा गएका सेनाको श्रीमती कसैले लगेमा, गर्भिणी बनाएमा 'जार काट्ने' ब्यवस्था धेरै पछिसम्म थियो ।

# चुनाव लाग्यो, बजारभाउ आकाशियो

अनुसा थापा



चुनाव लागेसँगै खाद्यान्न सामग्रीहरूको भाउ ह्वात्तै बढेको छ । चामलको बोरामा तीन सय रूपैयाँसम्म बढेको छ । खाने तेलको भाउ लिटरमै ५० रूपैयाँले वृद्धि भएको छ । सबै प्रकारकादैनिक उपभोग्य सामानको भाउ व्यापारीले बढाएका छन् ।

बजारमा ग्याँसको हाहाकार भएको छ । पसलहरूमा ग्याँस भेटिँदैन । ग्याँसको हाहाकार भएको हो कि बनाइएको ? हरेक चुनाव आउँदा सामानको मूल्य बढ्छ । बजारमा कालोबजारी बढ्छ । राजनीतिक दलहरू व्यापारीबाट चन्दा उठाएर चुनाव लड्छन् । फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदैछ । व्यापारीले पार्टीलाई दिएको चन्दा उठाउन मूल्य बढाएका हुन् ।

मेयर हुँदा सूर्तिजन्य पदार्थमा बन्देज लगाएका बालेन साहले झापा चुनाव प्रचारमा पुग्दा तिनै बस्तु व्यापार गर्ने व्यापारीको डिफेण्डर गाडी चढ्छन् । पुराना त पुराना र बद्नाम भइहाले, नयाँ भन्नेको पनि अनुहार यस्तो छ । चन्दा र उपहार लिएपछि व्यापारीको पक्षमा काम गर्नैपर्छ । राजनीतिक दलहरू जनताका लागि काम गर्छु भन्छन् तर वास्तवमा उनीहरूले व्यापारीको हितमा काम गर्छन् । जनतालाई सँधै झुक्याउने काम भइरहेको छ । नयाँको गतिमति पनि आशलाग्दो देखिएन ।

केपी ओलीको नाँडीमा तीन करोडको घडी छ । पुष्पकमल दाहालले ७८ लाखको घडी बाँधेका छन् । उनीहरूको हैसियत छ, त्यति मँहगो घडी बाँध्नलाई ? उनीहरूले पनि पक्कै कसैको उपहार लिएको हुनुपर्छ । यिनले राज्यलाई कति लुटे होलान् ? भाटभटेनी साहु मीनबहादुर गुरूङ्ले राज्यलाई साढे चार अर्ब राजश्व तिर्न बाँकी छ । भाटभटेनी साहुले मानिरहेका छैनन् । यिनले एमालेलाई जग्गा दान दिएका छन् । भवन पनि आफै बनाइदिन्छु भनेका छन् । नेताले चन्दा लिएर जनतालाई मासुभात, रक्सी खुवाएर भोट लिन्छन् र चुनाव जित्छन् । सत्तामा पुग्छन् र गर्ने भ्रष्टाचार नै हो ।

कतिपय बदनाम उमेदवारले एउटा भोटको पाँच हजार रूपैयाँ दिन्छन् । त्यो पछि उठाउने जनतासँगै हो । एक छाक मासुभात र पाँच हजार रूपैयाँमा बिक्दा पाँच वर्ष जनताले दु:ख खेप्नुपर्छ । महगी, हाहाकार, बेरोजगारी, असुरक्षा बढ्दो छ । नेता, प्रशासक, सुपरमार्केटदेखि किराना पसलसम्मले सेवाग्राही ठगिरहेका छन् । कानुन व्यवस्था छ, अनुगमन कोही गर्दैनन्, सबैलाई जनता जो ठग्नु छ ।

चुनावमा लाग्ने खर्चको भार जनताको थाप्लोमा पर्छ । अहिले चुनाव गर्दा २७ अर्ब रूपैयाँ खर्च हुने प्रक्षेपण गरिएको छ । सो खर्चको स्रोत जनताले तिरेको कर र वैदेशिक ऋण हो । वैदेशिक ऋण बढ्दा जनताको थाप्लोमा ऋणको भार बढ्छ । हरेक चुनावपछि बजारमा महँगी बढ्छ । मर्कामा पर्ने फेरि जनता न हुन् ।

# The Kashmir Conflict and the Reality of Crimes Against Humanity




Crimes against humanity represent one of the most serious affronts to human dignity and collective conscience. They embody patterns of widespread or systematic violence directed against civilian populations — including murder, enforced disappearances, torture, persecution, sexual violence, deportation, and other inhumane acts that shock the moral order of humanity. The United Nations Conference of Plenipotentiaries on the Prevention and Punishment of the Crime against Humanity presents a historic opportunity to strengthen global resolve, reinforce legal frameworks, and advance cooperation among states to ensure accountability, justice, and meaningful prevention.

While the international legal architecture has evolved significantly since the aftermath of the Second World War, important normative and institutional gaps remain. The Genocide Convention of 1948 and the Geneva Conventions established foundational legal protections, and the creation of the International Criminal Court reinforced accountability mechanisms. Yet, unlike genocide and war crimes, there is still no stand-alone comprehensive convention dedicated exclusively to crimes against humanity. This structural omission has limited the capacity of states to adopt consistent domestic legislation, harmonize cooperation frameworks, and pursue perpetrators who move across borders. The Conference of Plenipotentiaries seeks to fill this critical void.

**The Imperative of Prevention**

Prevention must stand at the core of the international community's approach. Too often, the world reacts to atrocities only after irreparable harm has been inflicted and communities have been devastated. A meaningful prevention framework requires early warning mechanisms, stronger monitoring capacities, transparent reporting, and a willingness by states and institutions to act before crises escalate. Education in human rights, inclusive governance, rule of law strengthening, and responsible security practices are equally essential elements of prevention.

Civil society organizations, academic institutions, moral leaders, and human rights defenders play a vital role in documenting abuses, amplifying the voices of victims, and urging action when warning signs emerge. Their protection and meaningful participation must therefore be an integral component of any preventive strategy. Without civic space, truth is silenced — and without truth, accountability becomes impossible.

**Accountability and the Rule of Law**

Accountability is not an act of punishment alone; it is an affirmation of universal human values. When perpetrators enjoy impunity, cycles of violence deepen, victims are re-traumatized, and the integrity of international law erodes. Strengthening judicial cooperation — including extradition, mutual legal assistance, and evidence-sharing — is essential to closing enforcement gaps. Equally important is the responsibility of states to incorporate crimes against humanity into domestic criminal law, ensuring that such crimes can be prosecuted fairly and independently at the national level.

Justice must also be survivor centered. Victims and affected communities deserve recognition, reparations, psychological support, and the assurance that their suffering has not been ignored. Truth-seeking mechanisms and memorialization efforts help restore dignity and foster long-term reconciliation.

**The Role of Multilateralism**

The Conference reinforces the indispensable role of multilateralism in confronting global challenges. Atrocities rarely occur in isolation; they are rooted in political exclusion, discrimination, securitization of societies, and structural inequalities. No state, however powerful, can confront these dynamics alone. Shared norms, coordinated diplomatic engagement, and principled international cooperation are vital to preventing abuses and responding when they occur.

Multilateral commitments must also be matched with political will. Declarations are meaningful only when accompanied by implementation, transparency, and accountability to both domestic and international publics.

**Technology, Media, and Modern Challenges**

Contemporary conflicts and crises unfold in an increasingly digital and interconnected world. Technology can illuminate truth — enabling documentation, verification, and preservation of evidence — but it can also be weaponized to spread hate, dehumanization, and incitement. Strengthening responsible digital governance, countering disinformation, and supporting credible documentation initiatives are essential tools for both prevention and accountability. Journalists, researchers, and human rights monitors must be protected from reprisals for their work.

Climate-related stress, demographic shifts, and political polarization further complicate the landscape in which vulnerabilities emerge. The Conference should therefore promote a holistic understanding of risk factors that may precipitate widespread or systematic violence.

**A Universal Commitment — With Local Realities**

While the principles guiding this Convention are universal, their application must be sensitive to local histories, languages, cultures, and institutional realities. Effective implementation depends on national ownership, capacity-building, judicial training, and inclusive policymaking that engages women, youth, minorities, and marginalized communities. The pursuit of justice must never be perceived as externally imposed, but rather as an expression of shared human values anchored within domestic legal systems.

The Kashmir Conflict and the Reality of Crimes Against Humanity

Crimes against humanity do not emerge overnight. They develop through sustained patterns of abuse, erosion of legal safeguards, and the normalization of repression. Jammu and Kashmir presents a contemporary case study of these dynamics.

Under international law, crimes against humanity encompass widespread or systematic attacks directed against a civilian population, including imprisonment, torture, persecution, enforced disappearance, and other inhumane acts. Evidence emerging from Kashmir—documented by UN experts, international NGOs, journalists, and scholars—demonstrates patterns that meet these legal criteria.

The invocation of "national security" has become the central mechanism through which extraordinary powers are exercised without effective judicial oversight. Draconian laws are routinely used to silence dissent, detain human rights defenders, restrict movement, and suppress independent media. This securitized governance has produced what many Kashmiris describe as the "peace of the graveyard"—an imposed silence rather than genuine peace.

Early-warning frameworks for mass atrocities are particularly instructive. Gregory Stanton identifies Kashmir as exhibiting multiple risk indicators, including classification and discrimination, denial of civil rights, militarization, and impunity. These indicators, if left unaddressed, historically precede mass atrocity crimes.

The systematic silencing of journalists, as warned by the Committee to Protect Journalists, and the targeting of academics and diaspora voices—such as the denial of entry to Dr. Nitasha Kaul and the cancellation of travel documents of elderly activists like Amrit Wilson—demonstrate repression extending beyond borders.

The joint statement by ten UN Special Rapporteurs (2025) regarding one of internationally known human rights defender – Khurram Parvez - underscores that these are not isolated incidents but part of a broader pattern involving arbitrary detention, torture, discriminatory treatment, and custodial deaths. Together, these acts form a systematic attack on a civilian population, triggering the international community's responsibility to act.

This Conference offers a critical opportunity to reaffirm that sovereignty cannot be a shield for crimes against humanity. Kashmir illustrates the urgent need for:

Preventive diplomacy grounded in early warning mechanisms.

Independent investigations and universal jurisdiction where applicable. Stronger protections for journalists, scholars, and human rights defenders, including Irfan Mehraj, Abdul Aaala Fazili, Hilal Mir, Asif Sultan and others.

Victim-centered justice and accountability frameworks for Mohammad Yasin Malik, Shabir Ahmed Shah, Masarat Aalam, Aasia Andrabi, Fehmeeda Sofi, Nahida Nasreen and others.

Recognizing Kashmir within the crimes-against-humanity discourse is not political—it is legal, moral, and preventive. Failure to act risks entrenching impunity and undermining the very purpose of international criminal law.

**Conclusion**

The United Nations Conference of Plenipotentiaries carries profound moral, legal, and historical significance. It represents not only a technical exercise in treaty development but a reaffirmation of humanity's collective promise — that no people, anywhere, should face systematic cruelty without recourse to justice and protection. By advancing a comprehensive Convention on the Prevention and Punishment of the Crime against Humanity, the international community strengthens its resolve to stand with victims, confront impunity, and uphold the sanctity of human dignity.

The success of this effort will ultimately depend on our willingness to transform commitments into action, principles into practice, and aspiration into enduring protection for present and future generations.

Dr. Fai submitted this paper to the Organizers of the Preparatory Committee for the United Nations Conference of Plenipotentiaries on Prevention and Punishment of Crimes against Humanity on behalf of PCSWHR which is headed by Dr. Ijaz Noori, an internationally known interfaith expert. The conference took place at the UN headquarters between January 19 – 30, 2026.

***Dr. Fai is also the Secretary General***
***World Kashmir Awareness forum.***
***He can be reached at:***
***WhatsApp: 1-202-607-6435***
***gnfai2003@yahoo.com***
***www.kashmirawareness.org***
***New York, New York, January*** 29, 2026

# Concerns Raised Over Nipah Virus Handling Ahead of 2026 ICC Men's T20 World Cup




Questions have emerged regarding India's handling of a reported Nipah virus outbreak, with critics alleging that the scale of infections has been understated at a time when the country is preparing to host major international sporting events, including the 2026 ICC Men's T20 World Cup.

Indian authorities have officially acknowledged two Nipah cases in West Bengal since December 2025. However, independent reports and health-sector sources claim that at least five infections linked to hospital-based transmission have been identified in Kolkata, including cases involving healthcare workers exposed through nosocomial clusters.

Public health experts note that Nipah virus carries a high fatality rate, estimated between 40 and 75 percent, raising concerns over transparency and risk assessment. Critics argue that the alleged downplaying of the outbreak is aimed at preserving confidence in India's preparedness as Kolkata's Eden Gardens is listed among the World Cup host venues.

Concerns have also been raised about player and spectator safety, citing past complaints over hygiene and infrastructure standards at international sporting events held in India. During the 2026 India Open Super 750 badminton tournament, several foreign athletes reportedly raised issues related to unsanitary training facilities, poor environmental conditions, and safety concerns, with some withdrawing from competition.

Observers argue that these incidents reflect broader challenges in ensuring health and safety standards at large-scale events. Given the proximity of some cricket venues to reported outbreak areas and previous criticisms of event management, calls have been made to reconsider hosting arrangements for the T20 World Cup.

Some stakeholders have urged the International Cricket Council (ICC) to relocate fixtures to Sri Lanka, citing stronger health monitoring mechanisms and comparatively safer facilities. They argue that such a move would reduce potential risks to players, officials, and spectators."“The issue has reignited debate over balancing commercial interests with public health responsibilities, with critics warning that proceeding without addressing these concerns could set a troubling precedent for international sports governance.

*इतिहासका राजनीतिक घटनाक्रम..*

आफैँलाई 'इन्दु' नाम दिएका जेपीजस्ता ठूलो कदका नेतालाई जेल कोच्ने काममा संलग्न इन्दिराको बन्दै गरेको छविबाट बीपी खुसी थिएनन्। उनलाई थाहा थियो, इन्दिराको यो छवि नेपालका लागि पनि खतरा थियो। त्यसैले भारतीय समाजवादी नेता चन्द्रशेखर, जो पछि प्रधानमन्त्री पनि भए, कांग्रेसी कार्यकर्तालाई भन्ने गर्थे, 'तिमीहरूजस्तो सानो देशको प्रधानमन्त्रीले हाम्रो देशको प्रधानमन्त्रीसँग टक्कर लिएको परिणाम तिमीहरूले दुःख भोग्नुपर्यो।'

०४२ सालमा विराटनगर आउने क्रममा चन्द्रशेखरले इन्दिराको विषयमा एउटा रोचक प्रसंग सुनाएका थिए। त्यस बेला चन्द्रशेखरसँगको संवादमा संलग्न पूर्वकांग्रेस नेता बस्नेत उनका भनाइ सम्झन्छन्, 'त्यस बेला इन्दिराको छवि ध्वस्त भइसकेको थियो। बंगलादेश टुक्र्याएपछि रणचण्डी भएकी थिइन् उनी। बंगलादेश टुक्र्याउन नसकेको भए, आफ्नो छवि सुधार्न नेपाललाई हान्थिन्। तिमीहरूले द्विविधा पालिरहनु पर्दैन।'

बीपी-नेहरू : समानता, असमानता

बीपीको चुलिँदो अन्तर्राष्ट्रिय ख्यातिबाट राजा महेन्द्र मात्र होइन, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू पनि सशंकित थिए। तर, नेहरू भारतजस्तो ठूलो देशमा भएको आन्दोलनका 'प्रोडक्ट' थिए। त्यसैले प्रजातन्त्रप्रति उनको रवैया छोरी इन्दिराभन्दा स्पष्ट थियो। तर, नेपालमा प्रजातान्त्रिक व्यवस्थालाई बलियो बनाउने सम्बन्धमा उनी पनि थुप्रै ठाउँमा चुकेका छन्। धेरै विश्लेषक यसलाई बीपी र नेहरूबीचको 'इगा' मान्छन्। तर, केहीको विश्लेषण छ, नेहरूभन्दा पनि अंग्रेजको जमानाकै सोच भएका नोकरशाह (ब्युरोक्र्याट) भारतीय राजनीतिमा हावी भए, जसले नेपालको राजनीति बिगार्न मद्दत पुर्‍यायो।

भारत स्वतन्त्र भएपछि नेहरूले प्रशासनलाई जनताको चाहना अनुकूल बनाउन नसकेको भन्दै बीपी आलोचना गररिहन्थे। ००७ सालको क्रान्तिमा भारतीयको भूमिका, त्यसमा पनि विशेषतः नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद सिंहको भूमिकालाई लिएर बीपी निकै असन्तुष्ट थिए। बीपीले सार्वजनिक रूपमै भारतीय राजदूतको आलोचना गरेका छन्। भनेका छन्, 'राजदूत भनेको राजदूतजस्तै भएर बस्नुपर्छ। उसले आफूलाई मुजफरपुरको डिस्ट्रिक बोर्डको चेयरम्यानजस्तो ठान्नु हुँदैन। उसले आफ्नो ठाउँ कहाँ हो, त्यो बुझ्नुपर्छ।' बीएचयूमा राजनीतिशास्त्रका प्राध्यापक मल्लिक भन्छन्, 'बीपीको भनाइ साँचो पनि हो। चन्द्रेश्वरलाई अंग्रेजहरूले नै 'सर'को उपाधि दिएका थिए। नेपालमा प्रजातन्त्र स्थापना गर्ने सम्बन्धमा आन्दोलन गर्ने शक्तिभन्दा उनी बढी सक्रिय देखिन्थे।'

नेहरू पनि 'सौन्दर्यवाद' पछ्याउँथे। तर, बीपी धेरै अर्थमा यथार्थवादी थिए। चीनले तिब्बत कब्जा गर्नुअघि बीपीले धेरैपटक नेहरूलाई भनेका थिए। तर, नेहरू चीनको आन्तरिक समस्या देखाउँथे, असम्भव भन्थे। नभन्दै चीनले तिब्बतलाई आफ्नो अधीनमा लियो। इन्दिराले सन् १९७३ मा सिक्किमलाई भारतमा विलय गराइन्। यसपछि अन्तर्राष्ट्रिय जगतका लागि राजनीतिक रूपमा नेपाली भूमि रणनीतिक बन्न पुग्यो। बीपीको दृढ विश्वास थियो, समाजवादी सिद्धान्तले मात्र पूर्ण रूपमा देश विकास गर्न सकिन्छ। नेहरू समाजवादका कुरा त गर्थे तर लागू गर्न डराउँथे।

००८ सालमा नेहरूकै आशीर्वादले दाजु मातृकाप्रसाद प्रधानमन्त्री भए भन्ने हेक्का बीपीलाई राम्रैसँग थियो। किनभने,

# वीपी पक्राउ पर्दा लोहियाको अनसन



०२९ सालतिर सशस्त्र आन्दोलनका लागि भारतबाट आर्थिक र नैतिक समर्थन माग्न बीपीका भाइ गिरिजाप्रसाद कोइराला इनदिरा गान्धीलाई भेट्न गएका थिए। त्यतिबेला इन्दिराले बीपी बूढा भएको र अस्वस्थ रहेको बताउँदै उनलाई क्रान्तिको नेतृत्व गर्न भनेकी थिइन्। र, यसका लागि आफूले सहयोग गर्ने पनि उनले बताएकी थिइन्। त्यो कुरा गिरिजाप्रसादले बीपीलाई सुनाए। त्यतिबेला बीपीको प्रतिक्रियाबारे पुराना कांग्रेस कार्यकर्ता विनोद अर्याल, जो विमान अपहरण योजनाकारमध्ये एक थिए र आठ वर्ष बीपीसँग प्रवासमा बसेका थिए, भन्छन्, 'दाजु र मलाई जसरी फोडे, त्यसै गरी तिमी र मलाई फोड्न लागेका हुन्।'

०१७ सालमा आफ्नो सरकार 'कू' गर्न नेहरूसँग राजा महेन्द्रले स्वीकृति लिइसकेको कुरा पनि उनलाई थाहा थियो। कुमारमणि दीक्षित, जो त्यतिबेला बीपीका सहायक थिए, ले आफ्नो आत्मकथामा लेखेका छन्, 'बीपीले नेहरूसँग सहयोग मागेका थिए। तर, उनले दिन चाहेनन्।' नेपालमा प्रजातान्त्रिक सरकार अपदस्थ हुँदा नेहरू कश्मीरमा थिए। उनले त्यतिबेला नेपालमा सत्ता परिवर्तन हुन्छ भन्ने आफूलाई थाहा भएको बताएका थिए। तर, व्यवस्था नै परिवर्तन हुन्छ भन्ने थाहा नभएको प्रतिक्रिया दिएका थिए। जुन बेला महेन्द्रले 'कू' गरे, कांग्रेसको मुक्ति सेनाबाट बनेको नेपाल पुलिसले गर्न सक्ने सम्भावित विद्रोहलाई रोक्न भारतका प्रधानसेनापति धिमैया तीन दिनअगावै नेपाल आएका थिए। तत्कालीन नेपाली सेनाका प्रमुख फिल्डमार्सल नीरशमशेर राणाले आफ्नो आत्मकथामा उल्लेख गरेका छन्, '०१७ सालमा कू हुँदा धिमैया चितवनमा थिए।' त्यतिबेला कांग्रेसको विषयमा दिएको गैरजिम्मेवारपूर्ण अभिव्यक्तिका कारण पछि भारत सरकारले उनलाई बर्खास्त गर्‍यो।

महेन्द्रले बीपीको जननिर्वाचित सरकार अपदस्थ गर्ने सर्तमा भारतलाई कालापानी बुझाए। यस्तै, सगरमाथा आधा-आधा भन्दै चीनसँग नयाँ सम्झौता गरे। यसअघि बीपी प्रधानमन्त्री हुँदा चीन भ्रमणका क्रममा सगरमाथा आधा गर्ने विषयमा चिनियाँ नेताहरूले दबाब नदिएका होइनन्। तर, उनले सगरमाथा पूर्ण रूपमा आफ्नो भूभागमा पर्ने भन्दै सम्झौता गर्न मानेका थिएनन्। बीपीको चीन भ्रमण रद्ध गर्न नेहरूले हस्तक्षेप गर्न खोजेका थिए। चार वर्षअघि बीपीका सहायक दीक्षितले एक प्रसंगमा भनेका छन्, 'नेहरूको यो कुरा सुनेपछि बीपी रिसाएका थिए।'

बीपी प्रधानमन्त्री हुँदै सीमानजिकै चिनियाँ सेनाको गोलीले नेपाल पुलिसका एक हबलदार बमबहादुर मारिए। त्यतिबेला नेहरूले कडा वक्तव्य दिए, 'हाम्रो उत्तरी हिमालयन सीमामा जुन हमला भयो, त्यसलाई हिन्दुस्तानले आफूमाथि भएको हमला ठान्छ।'

तर, बीपीलाई सार्वभौम राष्ट्रका प्रधानमन्त्रीका रूपमा नेहरूको त्यो प्रतिक्रिया मन परेन। उनले भोलिपल्टै नेपाली संसद्बाट नेहरूलाई प्रत्युत्तर दिए, 'उत्तरी सीमामा जुन घटना भयो, यसप्रति हिन्दुस्तानले जुन प्रतिक्रिया जनायो, हामी भन्न चाहन्छौँ, हाम्रो भूभागको रक्षा गर्न हामी सक्षम छौँ।' पछि भारतीय राजधानी नयाँदिल्लीमा पत्रकारहरूले बीपीको प्रत्युत्तरका विषयमा नेहरूलाई सोधेका थिए। नेहरूले जवाफ दिए, 'बीपीले भनेको ठीक हो।' यो घटनामा चीनले आफ्नो गल्ती स्वीकार्दै मारिने पुलिसका परिवारलाई नेपाल सरकारमार्फत ५० हजार रूपियाँ प्रदान गरेको थियो, जुन पछि महेन्द्रलाई विदेशी राष्ट्रमाझ बीपी चीनतर्फ ढल्किँदै गएको 'प्रोपोगान्डा' गर्न सजिलो भयो।

'भारतमै बस्दा बीपीको निष्ठा र राजनीतिक सुझबुझका कारण नेहरूलाई लागेको हुनुपर्छ, भारतको हितमा बीपीभन्दा महेन्द्रलाई बढी उपयोग गर्न सकिन्छ। त्यसैले उनले बीपीको सरकार अपदस्थ गर्न मौन स्वीकृति दिए। तर, सत्ता हातमा आएपछि महेन्द्रले उल्टै चिनियाँ कार्ड खेले,' विमान अपहरण काण्डमा संलग्न अर्याल भन्छन्। यसैको प्रतिक्रिया स्वरूप नेहरूले कोलकाता बसेका नेपाली कांग्रेसका तत्कालीन अध्यक्ष सुवर्णशमशेर राणामार्फत सशस्त्र विद्रोह गराउने प्रयास गरेका थिए। त्यतिबेला आफ्नो अभियानमा बीपीको समर्थन रहेको देखाउन नेहरूले कोइराला परिवारका कुनै एक सदस्यलाई ल्याउन सुवर्णलाई आग्रह गरेका थिए। 'सुवर्णले शेखर कोइरालाका बुबा केशवप्रसाद कोइराला, जो ००७ सालमा कांग्रेसले विराटनगर कब्जा गरेपछि स्थापना गरेको सरकारका गभर्नर थिए, लाई लिएर गए,' अर्याल भन्छन्। त्यतिबेलाको कांग्रेसको सशस्त्र विद्रोह गुरिल्ला शैलीमा भएको थियो। तर, त्यही बेला ०१९ सालमा चीन र भारतबीच सीमा विवादलाई लिएर युद्ध भयो। चीनले धम्की दियो- नेपालमाथि हुने कुनै पनि आक्रमणलाई चीनले आफूमाथि भएको ठान्नेछ।

'नेहरूले त्यतिबेला विद्रोहका लागि पैसादेखि सबै कुरा उपलब्ध गराएका थिए। तर, चीन-भारत युद्धपछि सबै रोकियो। सुवर्णले युद्धविराम गर्नुभयो। यो युद्धमा भारतको पराजय भयो,' नेपाली कांग्रेसका पाका नेता भरतशमशेर राणा भन्छन्। सुवर्णले आह्वान गरेको यो युद्धमा भरतशमशेर पनि संलग्न थिए। त्यस क्रममा उनले दुईपटक नेहरूलाई भेटेका थिए।

राजनीतिक सोचका हिसाबले बीपी र नेहरू दुई विपरीत ध्रुवका नेता मानिन्छन्। तर, यति हुँदाहुँदै पनि दुवैमा एकअर्काप्रति अगाध स्नेह थियो। नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा ००५ सालमा बीपी दोस्रोपटक काठमाडौँमा पक्राउ परे। त्यतिबेला उनको रिहाइका लागि समाजवादी नेता राममनोहर लोहिया नयाँदिल्लीस्थित नेपाली दूतावासअगाडि अनशन बसे। ३ महिना जेल राखियो। नेहरूकै दबाबमा बीपी छुटे। त्यतिखेर नेहरूले बीपी पत्नी सुशीलालाई भनेका थिए कि उनका लागि घर जुनबेला पनिखुला छ। बीएचयूका प्रोफेसर सुरेन्द्रप्रतापका अनुसार नेहरूको प्रधानमन्त्री क्वार्टरमा सुरक्षा जाँचबिना भारतीय सिनेस्टार अमिताभ बच्चनका पिता कवि हरविंश राय 'बच्चन' र अर्को बीपी तथा सुशीलालाई प्रेवेश अनुमति थियो।

# भारतका लागि ऐतिहासिक गणतन्त्र दिवस



सुरेशकुमार पाण्डे

भारतको ७७औं गणतन्त्र दिवसमा भारतले बिभिन्न कार्यक्रम गरेर मनाउँदै आएको छ। खास गरेर २६ जनवरी सन् १९५० मा भारतको संविधान लागु भएका थियो। यही दिनपारेर भारतले आफ्नो शक्ति पर्दर्शन गर्दै आएको छ। यो दिनमा बिभिन्न देशका प्रतिनिधिहरू समेतको उपस्थिति हुनेगर्छ। कुनैपनि देशको चिनारी अनुसाशन र संस्कृती त्यो देशको ऐतिहासिक धरोहर हुन्छ। भारतको ईतिहास सिंधुघाटीको सभ्यताले सजिएको छ। साथै सयौं वर्षको दासताले पनि भारत उत्तिकै कुण्ठित बनाएको छ। भारतमा बिभिन्न राजा रजौटेहरूको साशन रह्यो। विस्तारै त्यहाँ पुर्तगालीहरू खास गरेर बास्को डी गामाको प्रवेश भयो। उनि १७में १४९८ई.मा पूर्वीतट कालीकटमा पुगेर भारतको समुन्द्री मार्ग पत्ता लगाए। उनि पुर्तगालीका पहिला व्यपारी थिए। उनको आगमनपछि फ्रासीसिहरूको भारत प्रवेशको द्वौर सुरू भयो। पछि १३ जहाजी समान लिएर पेड्रो अल्वरेज भारत पुग्यो। यसरी विस्तारै भारतमा उनीहरूको प्रभाव बड्दै गयो।

१५०५ ई. मा फ्रासिस्टो द अल्मेडा प्रथम पूर्तगाली भायसराय बनेर भारत आयो। त्यसपछि १५१५ई.सम्म उनीहरूले भारतको दमनद्वीप, सालोट, वसीन, चौल, मुम्बैई, हुगली तथा सेन्ट रोमेमा अधिकार जमाईसकेका थिए। सन् १५५८ मा डच र अंग्रेजहरू भारतमा व्यापारीको रूपमा प्रवेश पाएपछि विस्तारै पूर्तगालीहरूको प्रभाव कम हुँदैगयो। डचहरू हाईलैण्डका निवासी थिए। भारतमा डच इष्ट इण्डिया कम्पनीको स्थापना १६०२ई.मा भएको हो। प्रत्यक्ष रूपमा अंग्रेज १६०८ई.मा आएका थिए। भारतमा बिभिन्न जस्तै ओस्टेड कम्पनी, स्वीडिश इष्ट ईण्डिया कम्पनी आदिको पनि प्रभाव थियो।

अंग्रेजहरूसँगको विबादले करिव सय वर्ष पुरानो १७५९ई. पछि चर्को विवादले १७९५ई.मा डचहरूलाई अंग्रेजहरूले हिन्दोस्तानबाट भगाउन सफल भए। यसरी अंग्रेजहरूले सन् १९४७ सम्म एकलौटे राज गरेका थिए।

अंग्रेजहरूले भारतीय साशकहरूमा फुट पारेर आफ्नो जहानिया साशन सत्ता लम्बाएका हुन्। भारतिय जनताहरू जातीय बिभेदमा उल्झिएको थिए। यसको अंग्रेजहरूलाई पनि धेरै फाईदा भयो। उनिहरूको नीति नै परिवारमा फूट पारेर राज गर्ने रह्यो। जनताहरू खास गरेर किसानहरूबाट लगान लिएर उनिहरूले दुःख दिएका थिए।

भारतीयहरूले लामो करिव एक सय वर्षसम्म त बलिदानी पूर्ण सङ्घर्ष गरेको इतिहास भेटिन्छ। मंगल पाण्डेदेखि शुभाष चन्द्र बोश, चन्द्र शेखर आजाद, सुखदेव भगत सिँह, झाँसीकी रानी लक्ष्मी बाई लगायतका कयौं होनहार क्रान्तिकारी युवाहरूको सहदात पछि उठेको विद्रोही जनलहरले अंग्रेजलाई घुँडा टेक्न बाध्य गरायो। क्रमचन्द गाँधी, बल्लभभाई पटेल, जवाहारलाल नेहरू, राम मनोहर लोहिया लगायतका नेताहरूको पनि आजादीमा अहम भूमिका छ। महात्मा गाँधीले एउटा नारा लगाएका थिए - करो या मरो ! यो नाराको अर्थ थियो विद्रोह आफ्नै देशमा उद्योगहरूबाट निर्मित बस्तुको प्रयोग। र विदेशीहरूको बिरूद्धको आन्दोलनमा भागलिन आह्वान। विदेशी समानको बहिस्कार र होली जलाउनेसम्मका योजनाहरू अगाडि सारेका थिए। उस्तै चन्द्रशेखर आजाद भन्ने गर्थे- तिमीहरू मलाई रगत देउ म तिमीलाई आजादी दिन्छु। यस्तै शुभाष चन्द्रबोश हिन्द फौज बनाएर युद्धमा होमिएका थिए।

स्वाधीन् आन्दोलनमा मराठी, पंजाबी, गोरखाली लगायतका तमाम क्रान्तिकारीहरू जुझेका थिए। लगातारको सङ्घर्ष पछि अंग्रेजले उनीहरूको बिचमा अर्को षड्यन्त्रको बिजारोपण गर्यो त्यो थियो हिन्दु मुस्लिम बिचको जातीय द्वन्द। अब भारत छाडेर जाने मन नहुँदा नहुँदै अंग्रेजहरूले भारत छाड्ने निधो गरे। माउण्डबेटेन योजना त्यसैको एउटा कडी थियो।

२४ मार्च १९४७ मा लार्ड माउण्टबेटेन भारतमा भायसराय बनेर आए। उनले कांग्रेस र मुस्लिम लीग जस्को नेतृत्व महम्मद् अलि जिन्नाले गरेका थिए, सँग वार्ता गरे। मूस्लिम लिगलाई पाकिस्तानको अलावा कुनै सर्तमा सम्झौता गर्नु थिएन। त्यो बेलाको कांग्रेसलाई देशको बिभाजनरूपी कटु सत्यलाई स्वीकार गर्न अनुरोध गरे।

बल्लभभाई पटेल भन्छन्- देशलाई दङ्गाबाट मुक्त गर्न जरूरी छ। यदि यसो गरिएन भने एउटा पाकिस्तानको ठाउँमा कयौं पाकिस्तान बन्नेछन्। १८ में सन् १९४७ मा माउण्टबेटेन विचार बिमर्सका लागि लण्डन गए र ३ जुन १९४७ मा फर्किए र उन्ले आफ्नो योजना प्रस्तुत गरे। हिन्दोस्तानलाई दुई राज्यमा बिभाजन गर्ने योजना अगाडि सारे। एउटा भारतीय संघ, दोस्रो पाकिस्तान। माउण्टबेटेनकै योजनका आधारमा ब्रिटीस संसदमा ४जुलाई सन् १९४७ मा भारतीय स्वतन्त्रता बिधेयक प्रस्तुत गरियो र १८ जुलाईको त्यो स्वीकृत पनि भयो। बिधेयकको प्रमुख प्रावधान १ प्रस्तावको आधारमा भारत र पाकिस्तान नामक दुइ अधिराज्यहरूलाई स्वतन्त्र गरिन्छ, दुबै अधिराज्यहरूले आ आफ्नो संविधान सत्रको गठन गर्नेछन्, भारत र पाकिस्तानलाई पूर्ण रूपमा अलग हुने अधिकार हुनेछ। भारतको दुईटुक्रा भयो।

भारतले डा.भिमराव अंबेड्करको नेतृत्वमा संविधान मस्यौदा तैयार पार्न लगाइयो। जसले २ वर्ष ११ महिना र १८ दिनमा संविधान तैयार पारेर दियो। पछि २६जनवरी १९५०मा संविधान लागु गरियो। डा .भिमराव अंबेडकर एउटा दलित बुद्धीजीवि नेता थिए। भारतमा दलितहरूको दयानीय अवस्था थियो तरपनि खासै परिवर्तन हुनसकेन। भारतको आजादी पछि पनि गरिबहरूको अवस्था दयनीय नै छ। भारतको आजादीमा नेपालीहरूको पनि भुल्नै नसक्ने भूमिका छ तर आजादी पछि उसले हाम्रो देशलाई हेर्ने दृष्टिकोण कसैसँग लकुको छैन।

भारतको आजादी पछि १३ वटा प्रदेश थिए अहिले २८ प्रदेश र आठ केन्द्र साशित प्रदेशहरू छन्। करिव १६०० भाषाहरू बोलिन्छ। तर नेपाली भाषा सहित २२ वटा भाषाहरूलाई मान्यता दिएको छ।

सुगौली सन्धि पछि जमिनसँगै गएका नेपाल मूलका नागरिकहरूलाई आफूले बोल्दै आएको भाषाको मान्यताको लागि लामो समयसम्म सङ्घर्ष गर्नु परेको थियो। नेपाली भाषालाई ७१औं संवैधानिक संशोधन पछि २० जुन १९९२ मा आठौं अनुसुचिमा राखियो।

भारतबाट अंग्रेजहरू गएपनि स्वयम भारतले उसैको पाईलामा टेकेर अगाडी बढेको छ। छिमेकीहरूमा सहयोगीको भावनाको विकास हुनुको सट्टा 'हेय'दृष्टिकोण र बिस्तारवादी व्यवहारले गर्दा अबिश्वासको पात्र बनेको छ। आजादीको केही वर्षमै सन् १९७१मा पाक दुईटुक्रा भयो र सिक्किम पनि १९७५ मा भारत भित्रियो। यसरी छिमेकीहरूलाई हेर्ने दृष्टिकोण र व्यवहार प्रष्ट हुन्छ।

भारतको आजादीमा नेपालीहरूको पनि अहम भूमिका छ भन्ने कुरा उनिहरू शासकहरूले भुलेता पनि यो ऐतिहासिक पर्वको अवसरमा भारतवासीलाई शुभकामना छ।






पो.ब.नं.                काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०    भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ माघ २०, Feb. 3, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# साधुका भेषमा लुटेराहरू

पूर्वराजा ज्ञानेन्द्र झापाबाट जनकपुर पुग्नुभयो, माता जानकी र हनुमान मन्दिरमा पूजाआजा, दर्शन गर्नुभयो । स्थानीय जनतासँग भलाकुसारी गर्नुभयो र झापा फर्कनुभयो । यसअघि रास्वपाबाट प्रधानमन्त्रीका रूपमा अघि सारिएका बालेन साहले पनि जनकपुरबाटै प्रचार अभियान थाल्नुभयो । बालेनको चुनाव प्रचार र पूर्वराजाको पूजाआजा समारोहमा भीड थामिनस्कनु उर्लिएको थियो । भीड त राजेश हमाल, करिश्मा मानन्धर अथवा हिन्दी फिल्मका हिरो सञ्जय दत्तलाई हेर्न पनि लाग्ने गरेको देखिन्छ । कांग्रेसका सभापति प्रधानमन्त्रीमा प्रस्तावित गगन थापा सर्लाही ४ पुग्दा पनि निकै भीड देखिएको छ । उता सञ्चारकर्म छाडेर चुनावी मैदानमा उत्रिएका ऋषि धमलाले पनि आफ्नो पछाडि भीड देखाएका छन् । भीड निर्णय होइन, नतिजा पनि होइन । भीड नतिजा हुँदो हो त नेपालैभरि लोकप्रिय रहेका राजाको पछाडि देखिएका भीडले १७ वर्ष अघि नै नेपालमा हिन्दुअधिराज्य र राजतन्त्रको पुनर्स्थापना गरिसकेको हुनेथियो । भीड त अभियन्ता दुर्गा प्रसाईले पनि पटक पटक सडकमै देखाएका हुन्, फागुन १ देखि आन्दोलन गर्ने भनेका छन्, उनले भीड जुटाउनेमा कुनै शंका छैन । प्रश्न यत्ति छ कि निरन्तरको आन्दोलन र आन्दोलनले ल्याउने परिवर्तनको हो ।

२०६३ सालपछि भ्रष्टाचार र राष्ट्रघातका श्रृङ्खला रोकिएन । राजनीतिक सेटिङ् र राजनीतिक अपराधिकरण झन झन बढेर गयो । प्रचण्डदेखि माधव नेपालसम्म, केपी ओलीदेखि रवि लामिछानेसम्म पनि अनेक प्रकरणहरू जोडिएका छन्, प्रश्न उठेपछि निराकरण हुनुपर्ने हो । ज्यानमारा, सर्वस्वहरण भएकाहरू समेत कानुन निर्माण गर्ने संसदमा पुगे, सांसद पद दाइजोमा दिएको पनि देखियो, रातोपासपोर्टको घोटाला, नेपाली मात्र होइन, अनेक देशका अपराधीलाई भुटानी शरणार्थी बनाएर पनि अमेरिका र अन्य देशमा निकासी गरियो । प्रधानमन्त्री निवासका जग्गामात्र होइन, शेरा दरवार, नेपाल ट्रष्टका सम्पत्तिमा पनि यिनै नेताहरूले बाघले साँप्रो चपाएजसरी चपाए । कुनै कारवाही भएन । लोकतान्त्रिक गणतन्त्र नेपालका नेताहरू जो छन्, तिनको भ्रष्टाचारको बयान गर्न हजार जिब्रा भएका शेषनागले पनि सक्ने अवस्था छैन । जनयुद्धमा १७ हजार मारिए, हजारौं बेपत्ता पारिए, तिनका परिवार न्याय चाहियो भनिरहेका छन्, ६ महिनामा न्याय दिन्छु भन्नेहरू यिनै हुन्, जसले २० वर्षमा पनि संक्रमणकालीन न्याय सम्पादन गर्न सकेनन् । यी सबै अन्याचारको प्रत्युत्तर हो- गत भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन ।  यसपछि अव परिवर्तन हुन्छ, भ्रष्टाचारीबाट मुक्ति मिल्छ, सुशासन कायम हुन्छ, बिकास हुन्छ, रोजगारी मिल्छ, समानता आउँछ, देश नयाँ पुस्ताले चलाउने छन् भन्ने आशा पलाएको थियो । जेनजीको आन्दोलन सफलतादेखि जुन प्रकारको षडयन्त्र भयो, फागुन २१ आउन महिनादिन बाँकी हुँदा षडयन्त्र झन गहिरिएको छ । हिजोका शासक मुलुक र मुलुकवासी मारा थिए, अन्तरिम सरकारमा सामेलहरू अवसरवादी देखिए, जो चुनावमा होमिएका छन्, तिनीहरूबाट पनि जनआकांक्षा संवोधन हुन्छ भन्ने आश्वस्त वातावरण देखिदैन । यथार्थमा शान्ति र समुन्नति भनेको राजतन्त्रको पुनर्स्थापना र नेपालीले चाहेजस्तो संविधान नै हो । भर्खर वालेन साहले शहिद दिवसमा सन्देश जारी गरे- अव कोही पनि शहिद हुन नपरोस् । ७६ जेनजी मारिए, हजारौं घाइते भए, त्यसको जिम्मेवार छाती फुलाएर हिंडिरहेको छ, जुन सत्ताले माऱ्यो, ऊ फेरि चुनाव जितेर प्रधानमन्त्री हुन्छु भनेर हुँकार गरिरहेको छ । कहाँ छ नेपालीपन, नेपालीत्व ? यो चुनाव कुन नेपालीले जित्छ ?

आमजनताले खोजेको शान्ति, सुशासन र समृद्धि हो । चुनाव हुनु वा संसद पुनर्स्थापना हुनुले राजनीतिक मुद्दाको किनारा लाग्दैन । द्वन्द्व बढाउने कार्य भनेकै चुनाव हो । चुनाव अघि नै संवाद, सहमति र सहकार्यको प्रत्याभूति गरेको भए अर्कै माहोल बन्ने थियो । जबसम्म राजासहितको प्रजातन्त्र र तत्अनुकूलको संविधान जारी हुँदैन, देशमा अस्थिरताको अन्त्य हुनै सक्दैन । यथार्थमा हामी पनि उस्तै, जो चोर, भ्रष्ट, ज्यानमारा भन्ने थाहा छ, तिनैको पछि लागेका छौं । संघीयता किन चाहियो, धर्मनिरपेक्षताले के दियो ? थाहा छ, चुनाव त्यसैलाई संस्थागत गर्नेछ । ज्यानमारा, भ्रष्ट, जनविरोधीको पछि लागेर देशले केही पाउनेवाला छैन ।

जो राजनीतिमा छन्, तिनीहरू चरित्रहीन बढी छन् । जो लोकतन्त्र भनिरहेका छन्, तिनीहरू लुटतन्त्रका पक्षपाती हुन् । २०६३ देखि देखियो, यी सबै जुका हुन्, जसले देश र जनताको रगत चुस्नेकाम मात्र गरे । जो चोर उसैको ठूलो स्वर भनेझैं नेताहरू अहिले पनि भ्रम छरिरहेका छन्- १० वर्षमा नेपाललाई समुन्नत बनाइदिन्छौं । २० वर्षमा आफै समुन्नत बने, यिनले फेरि उही नारा फलाक्दैछन् । भोटका लागि गाईको मासु खाने कुरा गर्न पनि पछि परेनन् । हिजो होलीवाइन खाएर एकलाख डलर लिनेहरू आज राजनीतिका बादशाह पल्टेका छन् ।

पूर्वराजाले पटक पटक संवाद, सहमति र सहकार्य गरेर देशका समस्या समाधान गर्न आह्वान गरेकै हो । साधुको भेषमा डाँकु भएकाहरूले त्यो आह्वानलाई कमजोरी सम्झनले गल्ती गरिरहेकै छन् । यस्ताको हातमा भाग्य र भविष्य सुम्पिनु भनेको जनताले फेरि पुर्पुरोमा हात राखेर पछुताउनु पर्नेछ । जो चुनावमा गएका छन्, आफै जित्ने र सत्तामा जाने तैयारीमा जुटेका छन्, यिनीहरू पुरानो बोतलका नयाँ रक्सीमात्र हुन् । राजसंस्थालाई जसरी पनि रोक्ने चलखेल भइरहेकै छ । विदेशीको रिमोटमा चलेपछि इसारा उतैबाट आउँछ, भोलिका दिनमा यी नेताहरूको उत्तरदायित्व पनि उतैतिरको हुनेछ । बेलैमा साधुका भेषका लुटराहरूलाई चिनौं ।

## ५० करोडको साडी आयात

भारतबाट ५० करोडको साडी आयात भएको छ । स्वदेशी ढाका, अन्य कपडा उद्योगहरू धरासायी भएको तर्फ अन्तरिम सरकारको पनि ध्यान गएन ।



# सिर्फ कागज छ, कागजी लोकतन्त्र छ, अरू केही छैन

## छन् र कम्युनिष्ट

२०४६ सालमा नेपालमा अमेरिकी राजदूत थिइन्- जुलिया चाङ ब्लक । उनले नेपालीसँग पटक पटकको भेटपछि प्रतिक्रिया थियो- नेपालका कम्युनिष्ट भनिने नेतालाई दुईपल्ट अमेरिका घुमाइदियो भने हाम्रै हुन्छन् । त्यसपछि बहुदल, लोकतन्त्रजस्ता राजनीतिक परिवर्तन भए । अहिले हेर्दा लाग्छ, हरेक कम्युनिष्ट नेता नामका कम्युनिष्ट, व्यवहार र चरित्रका पुँजीवादी छन् । जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यका अति राजनीतिक व्यापारी भनेकै कम्युनिष्ट बढी रहेका छन् ।

## ओलीलाई प्रश्न

- २०५० सालमा मदन भण्डारीको हत्या भयो, किन मौन बसेको ?
- २०५२ मा महाकाली सन्धि गरेर भारतलाई बेचियो, तपाई आफै विशेष योजनाकार हुनुहुन्थ्यो, महाकाली सन्धिले नेपाललाई के फाइदा भयो ?
- २०५८ सालमा दरवार हत्याकाण्ड भयो । छानबिन किन गरिएन, कारण के थियो ? प्रमको दरखास्त हाल्ने तपाई पनि हुनुहुन्थ्यो ।
- २०६२-६३ को १९ दिने आन्दोलनलाई बयलगाडा भन्ने तपाई हो, त्यसपछि ४ पल्ट प्रधानमन्त्री बन्नुभयो, के के गर्नुभयो ?
- २०६३ वैशाख ११ गते राजासँग भएको ५ बुँदे सम्झौतामा किन चुप ?
- २०६५ मा गणतन्त्र कार्यान्वयन भयो, कुन जनबलले निर्णय भयो ? यसको बैधानिकता कति छ ?
- २०६६ सालमा प्रचण्डले मच्चाएको सेनाको माओवादीकरणको साजिस र कटवाल प्रकरणमा किन चूप लागेर बसेको ?
- प्रचण्डले पशुपतिनाथको पुजारी राख्ने दुस्साहस गरे, यसमा पनि तपाईको नेपालीत्व देखिएन । किन ?
- अमेरिकीसँग भेट्दा कम्युनिष्ट नेताका फोटो र झण्डा लुकाउनुको रहस्य अहिले पनि रहस्यनै छ । किन ?
- मदन भण्डारीकी श्रीमती भएकै कारण विद्या भण्डारीलाई दुईपल्ट राष्ट्रपति बनाउनु भयो । अहिले एमालेबाट बन्चित नै पार्नुभयो । ल्याकत नभए पनि ताकतले जे गरे हुन्छ ?
- गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा तपाई नै प्रधानमन्त्री हुनुहुन्थ्यो, गोली हान्ने आदेश दिएको छैन भनेर पन्छिने कि उच्च नैतिकता देखाएर जिम्मेवारी लिने हो ? घुसपैठ भएको थियो भने कसले गऱ्यो, तपाईको शासनका प्रशासक कसकसलाई कारवाही गर्नुपर्ने हो ? बोल्नुपर्दैन ?
- तपाईले चुनाव जितेर फेरि प्रम भए गर्ने के हो ? उही राजनीतिको अपराधिकरण र सेटिङ्ग हो कि ?

## कागजी डिभोर्स

तिकडम पनि कति जानेका नेता, व्यापारी, व्यवसायीहरूले । नैतिकता त माटोमै मिलाए । बस्ने उही श्रीमतीसँग, पैसा बचाउन, सहकारीदेखि बैंकरसम्म नक्कली कागजी डिभोर्स गर्दारहेछन् । यसमा मुख्यत: इच्छाराज तामाङ, डीबी राई, सुरेन्द्र भण्डारी, सुधीर बस्नेत, रवीन्द्र चौलागाईं, केदार शर्मा, बिढी लामा, कांग्रेसका धनराज गुरूङ कति छन् कति ।

जनता ठग्नेहरूमाथि कारवाही गर्ने कानुन छ तर ७५ लाख जनता सहकारी ठगी भयो भनिरहेका छन्, राज्य कारवाही गर्दैन, जनताको बचत फिर्ता गर्दैन । कस्तो सरकार हो यो, कस्तो कानुन हो यो ?

## हिन्दु कति ?

जनगणनाको हिसाव यस्तो छ-

हिन्दु ८१.१९, बौद्ध ८.२१, इस्लाम ५.०९, किराँत ३.१७, इसाई १.७६, प्रकृति ०.३५, बोन ०.२३, जैन ०.०१, सिख ०.०१, बहाई ५.३७ । धार्मिक एकता छ, यो एकता विश्वमै आश्चर्यजनक पनि छ । तर चुनाव आयो कि यो धार्मिक एकता बिथोल्ने प्रयत्नमा आन्तरिक र बाह्य शक्ति लागिहाल्छ, सचेत हुन जरूरी छ ।



संविधान असफल, नेतृत्व असफल

जनयुद्ध, जनआन्दोलन, संविधानसभा, संविधान सबै फेल भयो । नेता असफल भए । यी सबैलाई जेनजी आन्दोलनले धरासायी बनाइदिएको हो । भागभाग गराइदिएको हो । यसपछि संविधानविपरित आएको अन्तरिम सरकार र फागुन २१ को चुनावमा जेनजीको सपना पूरा गर्ने नयाँ नेतृत्व चयन हुनुपर्छ भन्ने लहर नै चलेको छ । तथापि एमालेका ओली, ईश्वर पोखरेल, कांग्रेसका प्रकाशशरण महत, माओवादीका प्रचण्ड, माधव नेपालजस्ता (नेकपा) नेता चुनावी मैदानमा छन् ।

योगेश भट्टराई, प्रकाशशरण महत, नारायण खड्का, पूर्णबहादुर खड्का, देव गुरूङ, शेरबहादुर देउवा, डा.आरजु देउवा, रमेश लेखक, पशुपति शमशेर जबरा, अग्नि खरेल, विक्रम पाण्डे, पम्फा भुसाल, डा.प्रकाशशरण महत, धवलशमशेर राणा, झलनाथ खनाल, शशांक कोइराला, वामदेव गौतम, हरिबोल भट्टराई, बुद्धिमान तामाङ, गोकुल बास्कोटा, केशव थापा, कृष्णगोपाल श्रेष्ठ, गोपालमान श्रेष्ठ, गंगा तुलाधर, सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, दिलेन्द्र प्रसाद बढु, धनराज गुरूङ, प्रकाशमान सिंहजस्ता नेताहरू किनारा लागेका छन् । जसले जनअपेक्षाअनुसार काम गर्न सकेनन्, भ्रष्टाचार र अपराधिकरणका मलामी गए, तिनको राजनीतिमा पूर्णविराम लागेको छ । परिवर्तन समयको माग हो, युवा र जनताको माग हो । यो परिवर्तनले जनआवाजको संवोधन गर्ने नयाँ विश्वास जगाएको देखिदैछ । *- डा.विनिता*


## जाडोबाट बच्ने उपाय

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुनसक्छ ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रूघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुनसक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्नसक्छ ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्नसक्ने हुँदा धुलो, धुवाँ तथा चिसोबाट बचौं र बचाऔं ।
- सकेसम्म घरभित्रै बसौं, निस्कनै पर्ने भए न्यानो कपडा लगाएर मात्र निस्कौं ।

कुनै समस्या परे चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

